CC-0. In Public Domain. Digitization by eGangotri

कवि श्री एम्. बी. बी. शाहका कृतिहरू

"उसैको लागि"

र

"फेरि उसैको लागि"

को

एक अध्ययन

९१.४९१०९
T४६९उ

शरदकुमार भट्टराई

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धेय डा. [illegible]

सादर समर्पित

[illegible]

[illegible]

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

कवि श्री एम्. बी. बी. शाहका
कृतिहरू

"उसैको लागि"

र

"फेरि उसैको लागि"

को

एक अध्ययन

—●—

लेखक :-
शरदकुमार भट्टराई

प्रकाशक :-
मुकुन्द शमशेर थापा

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक :- शरदकुमार भट्टराई

प्रकाशक :- मुकुन्द शमशेर थापा
१७ नक्साल, काठमाडौं

पुस्तक मुद्रण :- नेपाल प्रेस, काठमाडौं ।

मूल्य रु. २।५०

प्रथम संस्करण १००० प्रति
२०२७

८९१.४५१०८
श ४६९३

[सर्वाधिकार लेखकमा सुरक्षित]

1734

प्राप्तिस्थानः—
१७ नक्साल, काठमाडौं
नेपाल ।
फो. नं. १३२५७

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

" मनुष्य जीवनका विभिन्न अनुभूतिलाई आफ्-आफ्नो ढङ्गले कलात्मक रूपमा मानव मस्तक उच्चा पार्ने किसिमसंग शब्दांकित गर्नु नै साहित्य हो " (स्र. सा.) भनेर साहित्य सम्वन्धी आफ्नू दृष्टिकोणलाई स्पष्ट गर्नु हुने कवि श्री एम्. वी. वी. शाहको आधुनिक साहित्यको सम्वन्धमा पनि खास आफ्नै किसिमको विवेचनापूर्ण धारणा पाइन्छ। " आधुनिक साहित्य नै आजकल लेखिने साहित्य हो भनिन्छ र कसैले त भविष्यका सन्ततिका निमित्त तयार गरिने साहित्य नै आधुनिक हो भन्छन्। तर जे होस्, आधुनिक युग सुहाउँदो साहित्य नै आधुनिक साहित्य हो भनी मानेमा उचित होला। र वास्तवमा साहित्य जन आकांक्षाको पृष्ठभूमिमा उच्चतम अनुभूतिद्वारा सज्जित भएर व्यक्त गरिएको र जुनसुकै बेला पनि मानव समाजको कल्याण गर्ने हुनुपर्दछ र यसलाई नै आधुनिक साहित्य या आजकलको साहित्य जे भनेर नामकरण गरे पनि हुन्छ।" (स्र. सा.) यसरी साहित्यको सिर्जना र यसको उपयोगिताको बारेमा परिभाषात्मक रूपमा उहाँ यस किसिमको व्यापक दृष्टिकोण राख्नु हुन्छ ता पनि यस सम्बन्धमा एम्. वी. वी. शाहको एउटै शुद्ध तथा मूर्त धारण पाइन्छ, त्यो हो :—" जनता र समाजको निमित्त

CC-0. In Public Domain. Digitization by eGangotri

नै कलात्मक रूपमा साहित्यको सिर्जना हुनुपर्छ ।" र " साहित्य कृति रचिँदा पहिले आफ्नू देश र जनतालाई मान गर्नु पर्छ, त्यस पछि मात्र त्यो भन्दा वाहिर जानुपर्छ ।" (स्व. सा.) वस्तुतः राष्ट्रवादी कवि एम्. बी. बी. शाहको यथार्थवादी सिद्धान्त पनि यही हो र यस अनुरूप नै उहाँले आफ्ना रचनाहरूमा आफ्नू अनुभूति व्यक्त गर्नु भएको छ। देश र जनताको निमित्त आफूलाई सम्पूर्ण रूपबाट समर्पण गर्नु हुने कवि शाहको राष्ट्रवादी भावना सारै सशक्त र दूरदर्शितापूर्ण पनि छ । कविज्यूले आफ्ना गीत र कविताहरूमा स्वदेशको गान र नेपाली जनताको भावपूर्ण सम्मान पनि गर्नु भएको छ ।

कविशिरोमणि लेखनाथज्यूले श्रीगणेश गर्नु भएको प्रकृति-चित्रणको परम्परा, नेपाली साहित्यको नवीनतम विधा मध्येको एक विधा हो । तथापि यति छोटै समयमा पनि यसले आशातीत रूपमा सफलता प्राप्त गरेको छ । यस परम्परामा कवि श्री एम्. बी. बी. शाहको स्तुत्य देनलाई उपेक्षा गर्न सकिंदैन । "नेपाल जस्तो मनोरम प्राकृतिक स्थलले मेरो साहित्यिक मनोवृत्तिलाई कुतकुत्याइरहेको थियो । कहिले के लेखूं, के भाव व्यक्त गरौं जस्तो लागि रहन्थ्यो " । (स्व. सा.) भनेर आफ्नू जागरूक तथा सिर्जनामूलक भावनालाई व्यक्त गर्नु हुने कवि शाहको अन्तरमा, वाहिर निःसृत हुने क्षण पर्खेर वसिरहेको कति तीव्र अनुभूतिको अक्षय स्रोत रहेछ, सो यसबाट स्पष्ट हुनआउँछ । तदनुरूप नै उहाँका रचनाहरूमा प्रकृतिका विभिन्न सौम्य तथा आल्हादकारी रूपहरूको चित्रण भएको हामी पाउछौं ।

कवि शाहलाई सर्वाधिक रूपमा प्रेमको कवि भनेर मैले व्यक्त-

CC-0. In Public Domain. Digitization by eGangotri

गरिसकेको छु। उहाँलाई यस मार्गमा अग्रसर गराउने उहाँकै आफ्नी सहधर्मिणीसंगको अत्यधिक प्रेम, अनि उनसंगको असामयिक वियोग र तज्जन्य करुणात्मक अनुभूति नै हो। मुख्यतः यस घटनाद्वारा नै शाहज्यूको प्रवृत्ति साहित्योन्मुखी हुन गयो भन्नु उपयुक्त होला। उहाँकै शब्दमा:— "क्रमशः मेरा जीवनमा विभिन्न त्यस्ता घटना घट्न आई पुगे, जसले गर्दा मेरो कलम जगैदेखि रसाइदियो र यसको नतीजा जन समक्ष प्रस्तुत नै छ।" (स्र.सा.) भनेर आफूलाई स्पष्ट गरेर देखाइदिने शाहज्यूका रचनाका मूलमा यौन (सेक्स) ले सर्वाधिक रूपमा काम गरेको छ, भनेर भन्न–खोज्नु उत्ताउलोपना वाहेक अरू केही हुने छैन। जीवनको यो पनि एक विवेच्य अङ्ग हो भन्दैमा जहाँ पनि र जहिले पनि यौनवादी दृष्टिकोणलाई अघि सार्नु उपयुक्त होला जस्तो लाग्दैन।

"जहाँसम्म साहित्य र धर्म वीचको सम्वन्ध छ, दुवैको लक्ष्य मानवताको संरक्षण र संवर्द्धन गर्नु नै भएकोले साहित्यको सम्वन्ध धर्मसंग अटुट रूपमा रहनु स्वाभाविकै नै हो"। (स्र. सा.) भनेर धर्म र साहित्यको बीचको तादात्म्यता प्रति अटल श्रद्धा र विश्वास राख्नु हुने कविबाट ईश्वरभक्ति सम्वन्धी कविताको सिर्जना हुनु स्वाभाविकै हो। उहाँका निश्छल तथा सात्विक हृदयबाट निस्केका ईश्वरभक्ति सम्वन्धी धार्मिक रचनाहरूमा विश्वजनीन तथा मानवतावादी उदार भावनाको झल्को हामी पाउछौं।

सांख्यको सिद्धान्त असुसार आफ्ना प्रयासजन्य समस्त भूलहरूलाई सृष्टिकी मूलाधार प्रकृतिमा नै समर्पण गर्दै आफ्नू विनयशील व्यक्तित्व-लाई व्यक्त गर्नु हुने कविज्यू नेपाली साहित्यमा अनुकरणीय व्यक्ति हुनु

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ। उहाँको साहित्य–साधनाको सम्बन्धमा उहाँका प्रकाशित कृति ' उसैंको लागि ' र ' फेरि उसैंको लागि ' को आधारमा मैले यहाँ छोटकरीमा केही उल्लेख गर्ने धृष्टता गरें, जो यहाँहरूका समक्ष नै छ। तर यसमा, मेरो क्षमताको अभावमा जे जति त्रुटि र अपूर्णताहरू हुन गए, त्यसको लागि म स्वयं कवि श्री एम्. वी. वी. शाहज्यू, विद्वान् समीक्षक र साहित्यिक बन्धुहरूसंग क्षमा याचना गर्दछु।

विनीत :—

शरद्‌कुमार

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

यहां, कवि श्री एम्० बी० बी० शाहको साहित्य साधनाको सन्दर्भमा, उहांका बहुचर्चित कृतिहरू 'उसैको लागि' र 'फेरि उसैको लागि' मा संकलित कविता तथा गीतहरूलाई विभिन्न धारामा विभाजन गरी मेरा प्रियसाथी श्री शरदकुमार भट्टराईले समीक्षा गर्नु भएको छ। उहांको यो प्रयाश मलाई सारै राम्रो लाग्यो। भर्खर फस्टाउन लागेको नेपाली साहित्यको जगेर्ना र यसका स्रष्टाहरूलाई नव नव सिर्जनाको लागि प्रेरणा दिनु प्रत्येक साहित्यानुरागीको प्रथम कर्तव्य हो। यहाँ यस्तै नै भए जस्तो लाग्छ। यो पुस्तक नेपाली एम्० ए० का छात्र–छात्राहरूलाई विशेष उपयोगी हुने कुरामा म विश्वस्त छु।

— मुकुन्द शमसेर थापा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम अध्ययन

राष्ट्रवादी भावना

(१)

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रवादी भावना
(२)

नेपाली कविता साहित्यको विधामा वहुर्चचित "उसैको लागि" र "फेरि उसैको लागि" मा सङ्कलित कवि श्री एम्. बी. बी शाहका कविताहरू मध्ये यस प्रसंगमा उहाँको राष्ट्रवादी कविताहरूको मात्र संक्षिप्त चर्चा गर्ने प्रयास गरेको छु। करीव ६ वर्षको अन्तर पारेर नेपाली साहित्यको जगत्मा प्रकाशमान भएका यी संकलनहरूमा मोटा-मोटी रूपमा ४ किसिमका कविताहरू हामी पाउँछौं। देशभक्ति मूलक वा राष्ट्रवादी कविता, प्रकृति सम्बन्धी कविता, प्रेमसम्वन्धी कविता र ईश्वर भक्तिमूलक वा भक्तिवादी कविता। यी मध्ये देशभक्ति मूलक वा राष्ट्रवादी कवितामा कविको भावना उच्च तथा तन्मयतापूर्ण दृष्टिगोचर हुन्छ। एम्. वी. वी. शाहको हृदयकुहरमा अन्तर्निहित जुन अगाध देशभक्तिपूर्ण राष्ट्रवादी भावनाको अक्षय स्रोत छ, त्यही भावना उहाँका कविताहरूमा यत्रतत्र प्रकाशमान भएर रहेको छ। 'उसैको लागि' मा यी कविताको संख्या केही मात्र छ भने 'फेरि उसैको लागि'मा आएर यसको संख्या निकै प्रशस्त छ। संख्यामा मात्र प्राशरत्य नआए र भावनामा

CC-0. In Public Domain. Digitization by eGangotri

समेत परिष्कृति र विशालता आएको छ । 'उसैको लागि' मा देखिएको समस्यामूलक सामाजिक दुरवस्थालाई फेरि उसैको लागिमा आएर कविज्यूले दृढविश्वासको साथ समाधानको मार्गसमेत अन्वेषण गरी, सोही मार्गमा एक भएर अघि सर्न नेपालीलाई आह्वान गर्नु भएको छ। 'उसैको लागि' को "हे बीर हिंड अघि सरी" केवल प्रेरणात्मक सम्बोधन थियो त त्यही 'फेरि उसैको लागि' मा आएर सामूहिक क्रियात्मक आह्वान बनेको छ । "मातृभूमि नेपालको भई वीर पराक्रमी सन्तति" भनेर तटस्थरूपमा अभिव्यञ्जित भएको सूत्रात्मक अभिव्यक्तिले 'फेरि उसैको लागि' मा आएर—

"जुन राष्ट्रको पृष्ठभूमि छ
विश्वभरीको उच्च हिमाल ।
त्यस राष्ट्रको गौरव राखौं
हाम्रै हो यो देश नेपाल ।"

भनेर हृदयको साझा प्रेरणात्मक रूप पाएको छ । देशको पृष्ठ–भूमिमा रहेको सर्वोच्च हिमशिखरको समकक्ष भएर बाँचेको नेपाली संस्कृति र आदर्शमा कविज्यूको ठूलो आस्था छ । नेपाल प्रतिको उहाँको हृदयमा रहेको अगाध स्नेह र ममतापूर्ण अनुभूति हिमालको शान्त तथा सुन्दर प्रकृतिमय क्रोडमा रहेको रारामा पुगेर वाहिर पोखिन्छ । बन्दीपुरको काठिन्य पूर्ण ओराली र उकालीले कविज्यूको राष्ट्रवादी भावनालाई वाहिर निस्रित हुने अवसर दिन्छ । देशका प्रत्येक डाँडा, खोला, नदी, नाला, ताल, हिमाल र आकाशमा देखिने तितरीपङ्खी वादलको टुक्रा समेतवाट पनि प्रेरित भई वहिर्गत भएका कवि श्री एम्. बी. बी.

CC-0. In Public Domain. Digitization by eGangotri

शाहका राष्ट्रिय अनुभूतिहरू सीमाबद्ध भएर पनि असीमित भएर छरिएका छन् र व्यक्तिगत अनुभूति भएर पनि समष्टिगत भएका छन् ।

स्वदेश प्रतिको ममता वा राष्ट्रिय भावना कसै कसैको दृष्टिमा वा विचारमा संकुचित वा सांघुरो विचारधारा ठहरिएता पनि स्वाभिमानी तथा देशभक्त राष्ट्रवादी नागरिकहरू आफ्नी मातृभूमिका प्रत्येक पार्थिव कण कणसंग माया गांसेर बांचेका हुन्छन् । किनभने जसले आफ्नी आमाको र मातृभूमिको सच्चा माया छातीभरी सांचेर बांचेको हुन्छ, त्यसले नै अर्काकी माताको र मातृभूमिको मायालाई समेत चिनेको हुन्छ । यसबाट अर्काकी मातृभूमि प्रतिको स्नेहलाई आत्मसात् गरेर हेर्ने प्रयास गरियो भने संसारको भौमिक आक्रमण र प्रत्याक्रमण प्रतिको संकुचित तथा मानव संहारकारी भावना स्वत हटेर जानेछ र अन्तर्राष्ट्रिय शान्ति तथा अन्तर्राष्ट्रिय भावनाको मार्ग प्रशस्त हुनेछ । यसरी राष्ट्रवादी भावना संकुचित नभएर मानव कल्याणकारी र विश्वजनीन ठहरिन जान्छ । यस किसिमको बिशुद्ध राष्ट्रवादी भावनासंग परिचित गराउनको लागि राष्ट्र, जाति तथा देशीय गौरवलाई समाजमा चिनाउनु तथा आफ्ना हृदयमा उठेको अनुभूतिलाई साधारण जनमानसमा सञ्चार गराउनु र आफ्नू जस्तै राष्ट्रिय चेतना सबैको हृदयमा जागृत गराउनु एक प्रबुद्ध कविको अति टूलो जिम्मेवारी हो । किनभने देशको प्रबुद्ध व्यक्तित्व नै कवि हो । कविको अनुभूति तथा चेतना साधारण मानिसको भन्दा धेरै तीव्र र माथि उठेको हुन्छ । कविले आफ्नू प्रभावमा साधारणतया मानिसलाई सजिलैसंग ल्याउन सक्तछ र आफ्नू विशुद्ध भावनाले

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभावित गराउन सक्तछ । अझ गीति कवितामा यो शक्ति अति तीव्र रूपमा रहेको हुन्छ । जुन कुरा हामी 'उसैको लागि' र 'फेरि उसैको लागि' मा पाउँछौं । यसै उसले कवि आफ्नू देशको माटो, ढुङ्गो, पर्वत, नदीनाला, देशीय संस्कृति, आदर्श, साहित्य, भाषा तथा आफ्ना उच्च परम्पराहरूलाई विशुद्ध रूपमा, पूर्वाग्रहबाट पीडित नभई, त्यसको महत्त्व र त्यसै महत्त्व र अक्षुण्णतामा आफू र आफ्नू देशको समेत अस्तित्त्व निहित रहने कुरा देखाई वर्णन गर्दछ । यसैको समष्टिरूप नै राष्ट्र र जाति हो । यसको उन्नति, विकास तथा संरक्षणमा देश र जातिको संरक्षण र विकास हुन्छ भन्ने कुरा देखाई राष्ट्रवादी कवि राष्ट्र र जातिको गान गर्दछ । अझ हाम्रो आदर्श र परम्परामा, हामीलाई आफ्नू न्यानो काखको आश्रय दिई संरक्षण र सम्भरण गर्ने धरतीलाई माताको रूपमा सभक्ति नतमस्तक भएर हृदयदेखि नै हार्म अभिवादन गर्दछौं र कृतज्ञता ज्ञापन गर्दछौं । अनि पार्थिव कण कण, ढुङ्गा र वृक्षलाई समेत ईश्वरत्त्व भावले अर्चना गर्दछौं । यसरी सर्वतो भावेन आफ्नी जन्मभूमिको सन्मान गर्नु र सर्वतो भावेन उनीमाथि श्रद्धा राखी आफ्नू सेवा अर्पण गर्नु हाम्रो विशुद्ध तथा महान् राष्ट्रवादी परम्पराको द्योतक हो । जहाँ आफ्नै पनका भावना र अनुभूतिहरू आफ्नै देशीय धुकधुकीमा मिलेर गुंजित तथा ध्वनित भएका हुन्छन् । अनि यसैले नै सम्पूर्ण देशवासीका हृदयमा मुटुको धडकन बनेर राष्ट्रलाई विश्रृङ्खल हुनुबाट बचाई एक सूत्रमा आवद्ध गरिराखेको हुन्छ ।

यस्तै किसिमको उच्च तथा पुनीत भावना र दृष्टिकोण कवि श्री एम्. बी. बी. शाहका राष्ट्रवादी कविताहरूमा पाइन्छ । उहाँका कवि

CC-0. In Public Domain. Digitization by eGangotri

ताहरूमा आफ्नै देशीय भावनाले अत्यधिक रूपमा स्थान पाएको हुन्छ र उहाँका प्रत्येक भावनात्मक स्पन्दनहरूमा चिसो हिमाली हावाले स्पर्श गरेको हुन्छ । उहाँका राष्ट्रवादी कविताहरूमा नेपाली डाँडाकाँडामा नागबेली भएर उँधो, उँभो लागेका बाटा, गोरेटाहरूको आरोह, अवरोह तथा अनवरत रूपमा हिमालयका कन्दराबाट निःसृत भएर पहाडी फेदीहरूका डँडुरभित्र गुनगुनाउँदै यताउता घुम्दै समतलतिर निस्कन अघि बढेका नेपाली झर्ना, सरिता तथा नदीहरूको कलकल, छलछलमय धडकन लुकेको हुन्छ । उहाँका लयात्मक संगीतपूर्ण राष्ट्रवादी कविताहरूमा देशका वर–पिपलका वोट मुनि चौतारीका छहारीमा वसेर थकाइ मारिसकेका खेताला तथा गोठालाहरूको परिश्रमनाशक हार्दिक सुसेली लुकेको हुन्छ । यसरी यत्रतत्र राष्ट्रिय भावनाले ओतप्रोत भएका उहाँका राष्ट्रवादी कविताहरू साँच्चै हृदयस्पर्शी र समाजगत भइसकेका छन् ।

कवि श्री एम्. वी. बी शाहका हृदयमा देशप्रतिको ममता र श्रद्धा साँच्चै अगाध र अवर्णनीय छ । उहाँ देशको प्रत्येक कण कणमा दिव्यताको अनुभव गर्नु हुन्छ । नेपाली माटो र राष्ट्रियताको दीर्घ प्रहरी हिमालय, उहाँका प्रेरणाका अनन्त स्रोत बनेको छन् । किनभने नेपालको पृष्ठभूमिमा रहेको हिमालय र हिमालयको पार्श्वभूमिमा उहाँका कविताहरू अजस्ररूपमा निर्झर बनेर प्रवाहित भएका छन् । हिमालयबाट निस्केका पानीका अनन्त लहरहरू जसरी नेपाली भूमिमा उर्वरा शक्ति प्रदान गर्दै समुद्रको विशालतामा मिल्न पुग्छन्, त्यसै गरी शाहज्यूका हृदयबाट निस्केका असँख्य राष्ट्रवादी स्वरहरू नेपाली

CC-0. In Public Domain. Digitization by eGangotri

जनमानसमा प्रेरणादायी मन्त्र बन्दै अनन्तको विशालतामा गुञ्जन–पुग्दछन् ।

कवि श्री एम्. बी. बी. शाहको तीव्रतम अनुभूति केवल राष्ट्रात्मक अभिनन्दनमा मात्र सीमित नरहेर राष्ट्रका जनतामा व्याप्त भएर रहेको शोक, भोक र असमानता प्रति पनि गएको छ। नेपाल माताका सन्ततिमा युगौंदेखि रहेको असमानतालाई देखेर कविको हृदय कुँडिन्छ। अनि कवि "सक्तिन देख्न भन्छिन् सन्तान थरी थरीका" भनेर नेपाल माताको हार्दिक वेदनालाई आफूमा आत्मसात् गरी सोही मार्मिक वेदनालाई बाहिर व्यक्त गर्नु हुन्छ। आमाको छातीभित्र गुँसिएर रहेको यस मर्मान्तक उछ्वासबाट कविको भावभूमि कताकता खजमजिन खोज्दछ। कविलाई सारै नरमाइलो लाग्दछ र अनि नेपाल मातालाई सान्त्वना दिँदै भन्नुहुन्छः—

"सुखदुख हाम्रो हामी नै
आपस आपसमा बाँडौला

× × ×

एकै देशका सन्तान हामी–
को टाढाको नजीकको ?
रगत, सबैको रातो भए–
कुन धनी, कुन गरीब को।"

तर कविलाई लाग्दछ, केवल कोरा सान्त्वनाले मात्र देशमा केही हुन सक्तैन। जवसम्म काँधमा काँध मिलाएर सारा नेपाली कार्यक्षेत्रमा

CC-0. In Public Domain. Digitization by eGangotri

उत्रदैनौं, तबसम्म देशमा रहेको गरीबी तथा असमानताको अन्त हुन सक्तैन । यसै उसले कवि कार्यक्षेत्रमा प्रवेश गरी स्वावलम्वी वनी देशमा जमेर रहेको असमानता र गरीबीको अन्त गर्न, आफ्ना दुइ हात पाखुरा चलाएर नेपाल मातालाई सिगार्ने आह्वान गर्दै भन्नुहुन्छः —

"जबसम्म यी दुई हात छन्.
किन अर्काको भर पर्दछौं ।
मेहनत गरी, हिम्मत राखी
शृङ्गारी आमा छाड्दछौं ।।

× × ×

सुन्दर, शान्त, हिमाली–देशको मुहार पारेर
वनाऔं अघि सरेर–बेलामै हामी मिलेर ।

× × ×

दुई कोटी पाखुरी–करोडको मेहनत
करोडकै खातिर–बढौं हामी तम्सेर ।"

तैपनि कविको चित्त वुझ्दैन । किनभने नेपाल माताको वेदना पूर्ण अँध्यारो मुखलाई उहांले राम्रै संग देख्नु भएको छ । जसरी हुन्छ उनलाई आफ्ना लाखौं लाख सन्तानहरूमा विश्वासपारी, उनको हृदयमा रहेको बोझ हटाई आमाको स्मितपूर्ण अनुहार हेर्ने कविको ठूलो इच्छा हुन्छ । अनि उहां भन्नु हन्छः–

CC-0. In Public Domain. Digitization by eGangotri

"नेपाल आमा तिमीले
अंध्यारो मुख लाएर,
घोरिनु अव पर्दैन
विकास बत्ती बालौंला
उज्यालो मुख पारौंला ।"

केवल प्रतिज्ञा र कुरा मात्रले देश बन्दैन । देश र जातिको संरक्षण र उन्नतिको लागि समेत देशवासीमा त्याग र बलिदानको भावना पनि जागृत हुनु पर्दछ । परे मुटुको रगत समेत वगाएर देशको रक्षा गर्न सक्नु प्रत्येक वीर माताका सन्तानहरूको परम कर्त्तव्य हो । यही कुरा नेपाल मातालाई सम्पूर्ण नेपालीको तर्फबाट कविज्यू भन्नुहुन्छः–

"देशको लागि परेमा–हटदैनौं अघिसरेर ।
बचाई तिमी बाँचेर
विकास बत्ति बालौंला
वीर, कर्मठ, सुन्दर, चाम्रा
हामी हौं नरनारी यसका ।

× × ×

वाच्यौं, वाच्छौं, बचाउंछौं
मिलेर माटो मायाले ।"

कवि श्री एम्. वी. वी. शाहलाई यही एउटा भावानाले सँधै सताइरहेको हुन्छ । जुन भावना देश र देशवासीको उन्नति र विकासमा

CC-0. In Public Domain. Digitization by eGangotri

सँधै तन्मय छ। शाहज्यूका राष्ट्रवादी भावनाहरूमा हिमालको सुनौला झल्को र नेपाली मुटुको तातो ढुकढुकी सँधै मिलेर रहेको हुन्छ। यिनै कुरा उहाँका कविताका जीवन्त शक्ति हुन्। हिमाली पाटो र नेपाली माटोमा रङ्गमगिएका उहाँका राष्ट्रवादी भावनाहरू कहिले उचालिएर सगरमाथाको चुलीबाट नेपालको सुन्दर, शान्त, विशाल भूमि भरी भएर विहानको उषासंगै छरिछन् त कहिले नेपाली गाउँघरका गोठ, गुवाली, झुप्रा भित्र पसेर नेपाली जनजीवनका आफ्नै सुखदुःखमय कुना-कानीलाई चारैतिरबाट चियाउँछन्। कवि सिद्धिचरण र कवि माधव घिमिरेको जस्तै उहाँका राष्ट्रवादी गुञ्जनहरू पनि नेपाली माटो र नेपाली जनजीवनमा अभेद्य भएर भिजेका छन्। अझ यसभन्दा बढी उहाँ, नेपालमा, संसारमा भइरहेको द्रुततर प्रगतिलाई समेटेर नेपालको प्रगति-लाई गतिशील र देशलाई विकासशील बनाउन चाहनुहुन्छ, आफ्नै आवा-हवा र देशीय प्ररिप्रेक्षमा अनुकूल हुनेगरी। यसै कारण त उहांको राष्ट्रिय स्वर केवल प्रशंशात्मक र वन्दनात्मक मात्र नभएर रचनात्मक र राष्ट्रिय सृजनात्मक पनि छ। यसै सन्दर्भमा उहाँ भोलिको लागि पनि केही सोच्न र आज त्यसै पृष्ठभूमिमा केही गरिहाल्ने प्रेरणा दिंदै भन्नुहुन्छः—

"आज वनाऔं साथ मिलेर
भोलिको यो हाम्रो नेपाल
चल्दैन जहाज कदापि नालमा
पारौं सागर तुल्य नेपाल।"

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भएर पनि जसले नेपाललाई विर्सेको छ, त्यस्तालाई कवि आफ्ना प्रखर शब्दमा यसरी सचेत गराउँदै भन्नुहुन्छः -

"मर्‍यो ज्यूँदै त्यो, जसले–विर्स्यो–"देशको माटो"
अनि त्यो व्यक्ति चाँही–
"बाँच्यो सँधैं त्यो, जसले–सम्झ्यो–"देशको माटो"

तर सम्झिहाले पनि जसले नेपाललाई आदिम देश र असभ्य देशको रूपमा आफ्ना कुण्ठापूर्ण नेत्रले हेर्ने दुष्प्रयास गरेको छ, नेपालको गौरवपूर्ण सुसभ्य तथा सुसंस्कृत, परम्परा र जातीय संस्कृति-लाई जसले नराम्रो आँखाले हेरी उपहास गरी हिलो छ्याप्न खोजेको छ र हाम्रो स्वाभिमानी नेपाली राष्ट्रिय गौरवलाई र जातिलाई समेत जसले जङ्गली, आदिम र असभ्य भनेर उडाउन खोजेको छ, त्यस्ता तत्त्वका कुकृत्यबाट नेपाली जाति कहिल्यै विचलित हुनेछैन र त्यस्ता कपूतको निमित्त नेपाल माता कहिल्यै क्षमाशील वन्ने पनि छैनन् । आफ्नू यसै सानु हिमाली देशलाई स्वर्गभन्दा पनि सौख्यदायी र सुन्दर, शान्त, विशाल ठानेर आफ्नै पौरख र आफ्नै जातीय गौरवमा सूर्यचन्द्राङ्कित राष्ट्रिय ध्वजा मुनि एक भएर बाँचेको नेपाली जाति कसैको नचाहिंदो लाञ्छना, घुर्की, धम्की र घोचपेचले कहिल्यै डराउँदैन र झुक्दैन पनि । यसैकारण कवि एम्. वी. वी. शाह आफ्नू देशको, गौरवमय राष्ट्रिय झण्डाको, आफ्नू जाति र जातीय गौरवमय परम्पराको समेत अतिरञ्जनात्मक नभई केवल यथार्थवादी दृष्टिकोणबाट गान गर्दै देशप्रतिको आफ्नू श्रद्धा र दृढ निश्चयलाई यसरी व्यक्त गर्नुहुन्छः–

CC-0. In Public Domain. Digitization by eGangotri

"जय जय जय सुन्दर स्वदेश
जय जय जय जननी नेपाल,

सूर्य चन्द्र अङ्कित हाम्रो
झण्डा राम्रो देश विशाल

× × ×

हाम्रै हो सर्वोच्च चुचुरो
हामी छौं प्रसिद्ध विश्वका,

× × ×

हामी छैनौ कतै झुकेका
हामी हौं त्यही सन्तान देशका

× × ×

तर्सन्नौं कदापि कसैको
घुर्की धम्की वा धपाइले, ।"

× × ×

"ज्यू, धनभन्दा स्वदेश प्यारो नेपाली ठान्दछौं
सूर्य र चन्द्र अङ्कित झण्डा उचालि राख्ने छौं ।"

मित्रको लागि आफ्नू प्राण दिन सक्ने त्यागी नेपाली, विदेशी बन्धुको निमित्त आफ्नू मुटुको रगत बगाउन सक्ने बीर नेपाली, अब आफ्नू देश सम्झेर आफ्नै देशको लागि २ थोपा पसिना चुहाउन

CC-0. In Public Domain. Digitization by eGangotri

कत्ति गान्हो मान्नेछैन । किनभने अब नेपालीले संसारको क्षणिक लोलो-पोतोलाई राम्रै चिनिसकेको छ । आफ्नू देशको महत्त्व र आफ्नू जातीय धुकधुकीलाई आत्मसात् गरेको कुनै पनि नेपाली विदेश पसेर, विदेशी वाह्य रङ्गीचङ्गीमा भुलेर नेपाल प्रतिको आफ्नू कर्तव्यलाई बिर्सिन-सक्तैन । यही कुरालाई कविज्यू सामूहिक रूपमा सारा नेपालीको हार्दिक भावनालाई समेटेर भन्नुहुन्छ:-

"मित्रको लागि रगत दिने नेपाली बीर हौं
देशको लागि पसिना दिन गाह्रारो मान्दैनौं ।

× × ×

स्वदेशको फल तीतै पनि
मीठै ठानेर चाख्दछौं
परदेशको सुख भन्दा त
स्वदेशकै दुःख सहने छौं ।"

अनि अन्त्यमा, अनेक भाषाभाषी, जात र धर्मावलम्वीहरू मिलेर बनेको नेपाली जाति भए ता पनि एउटै साझा कर्त्तव्य र उद्देश्यलाई सामु राखेर भावनात्मक एक सूत्रमा अनुस्यूत भएर बाँचेको नेपाली, नेपाली एकताको अमर प्रतिक सूर्यचन्द्राङ्कित राष्ट्रिय ध्वजाको मुनि सँधै एक भएर बाची नै रहने आफ्नू दृढ विश्वास व्यक्त गर्दै, नेपाली र नेपालको भविष्य निरन्तर फलोस् फुलोस् र हाम्रो उत्साह सँधै जागा रहिरहोस् भन्ने आफ्नू हार्दिक कामना प्रकट गर्दै कविज्यू भन्नु हुन्छ:-

CC-0. In Public Domain. Digitization by eGangotri

"भाषा–भाषी अनेक हामी
जात–भात जे भन्छ छँदै छ ।
छौं तर–नेपाली सब–
चन्द्र–सूर्य ध्वजाकै मुन्तिर ।
नेपाली र नेपालको
भविष्य फलोस् फुलोस्,
देश सम्झी सँधै हाम्रो–
"उत्साह जागा रहोस् ।"

—:⊛:—

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम अध्ययन

राष्ट्रवादी भावना

(२)

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रवादी भावना

(२)

नेपाली पद्य साहित्यको गौरवपूर्ण इतिहासमा कवि श्री एम्. बी. बी. शाहको खास आफ्नै किसिमको विशिष्ट स्थान छ। अझ खास गरेर राष्ट्रवादी साहित्यको क्षेत्रमा शाहज्यूले महत्त्वपूर्ण योग दिनु भएको छ। सुवानन्ददास र यदुनाथ पोखरेलले शुरू गरेको तथा मोतीराम, धरणीधर र माधव घिमिरेले विकसित बनाउँदै अघि वढाएको यस धारा-लाई उहाँले आफ्ना संगीतमय अनुभूतिहरूद्वारा अझ माथि उठाई दिनु भएको छ। सर्वप्रथम, 'हे वीर हिंड अगि सरी' मा देखिएको कविज्यूको प्रेरणादायी राष्ट्रिय भावना आज सारा नेपालीको निमित्त प्रेरणामूलक सूत्रात्मक अभिव्यक्ति वन्न पुगेको छ। उता, 'आमाको पुकार, मा प्रस्फुटित भएको शाहज्यूको राष्ट्रवादी चेतनाले उहाँको अन्तरमा रहेको विशुद्ध मानवतावादी उदार भावनालाई व्यक्त गर्दछ भने अर्कोतिर देशमा शताब्दीदेखि जमेर बसेको घृणित सामन्ती प्रथावाट उब्जेको असमानता तथा पार्थक्यतालाई हटाउन कम्मर कसेर अगि सर्ने प्रेरणा

CC-0. In Public Domain. Digitization by eGangotri

पनि दिन्छ । यस प्रकार एम्. बी. बी. शाहले साहित्यिक जीवनको आफ्नो प्रथम प्रवेशदेखि नै यस राष्ट्रवादी धारालाई सशक्त र सबल बनाएर अघि बढाउन अथक प्रयत्न गर्नु भएको छ । उहाँ एकातिर माटोको अमर गायक हुनुहुन्छ भने अर्कोतिर राष्ट्रको सिर्जनात्मक प्रतिभामा विश्वास राख्ने कर्मठ तथा राष्ट्रको निमित्त सर्वस्व सुम्पन सक्ने साधक पनि हुनु हुन्छ ।

कवि श्री एम्. बी. बी. शाहको राष्ट्रवादी भावना देशकै माटोमा अङ्कुरित भई देशकै हावा–पानीमा सम्वर्धित तथा प्रस्फुटित समेत भएको छ । उहाँको भावना राष्ट्रको परिधिमा सीमित भएर पनि भावनात्मक प्राञ्जलताले गर्दा असीमतामा प्रवेश गरिसकेको छ । एम्. बी. बी. शाहका राष्ट्रवादी कविताहरूमा माटोको सुवास र सिर्जनाको ज्यूँदो तिर्सना पाइन्छ । आफ्नै देशको माटोमा बाँचेर आफ्नै पसिनाको भरमा प्रगतिको बाटोमा अघि सरेर संसारलाई नयाँ आलोक दिन सकिन्छ भन्ने अटल विश्वास राख्ने कविज्यू संसारमा मान्छे भएर बाँच्न नेपालीलाई यसरी सतत: प्रेरणा दिनु हुन्छ:–

"उचाल देश काँधैमा, आफ्नै खुट्टा ठड्याएर
वचाउ देश आफैले, अर्काको मुख नताकेर ।"

× × ×

"नेपाली हामी नेपालका–अर्काको भर पर्दैनौ
पसीना आफै काढेर–विकास वत्ती वालौंला" ।

CC-0. In Public Domain. Digitization by eGangotri

कविज्यूमा 'देशको माटो' प्रति अटल श्रद्धा र निश्छल भक्ति छ। यसमा उहांको आफ्नै किसिमको मौलिक तथा स्वाभिमानपूर्ण दृष्टिकोण पाइन्छ। देशप्रति असह्य गद्दारी गरी माटाको अपमान गर्दै स्वदेशप्रतिको कर्तव्यलाई बिर्सेर पनि नेपालीको पवित्र संज्ञाले बाँच्न खोज्ने कृतघ्नहरूलाई उहांका प्रत्येक राष्ट्रवादी कविताका पंक्तिहरूले बज्रको काम गर्न सक्तछन्। यसरी शाहज्यूका राष्ट्रवादी अनुभूतिहरू एकातिर देश बिर्सनेहरूलाई सचेत तुल्याउन समर्थ छन् भने अर्कोतिर राष्ट्रवादी तथा राष्ट्रसेवीहरूका निमित्त यिनै देशको निमित्त मर्न र बाँच्न सिकाउने अनन्त प्रेरणाका स्रोत पनि बन्न पुगेका छन्। यसमा पनि यी पंक्तिहरू परिभाषात्मक रूपमा ज्यादै सशक्त र ओजपूर्ण छन्:-

"मऱ्यो ज्यूदै त्यो, जसले बिर्स्यो "देशको माटो"
बाँच्यो संधै त्यो, जसले सम्झ्यो "देशको माटो।"

देशको माटोलाई प्राणभन्दा पनि प्यारो सम्झेर बाँचेका र आफ्नो पुर्ख्यौली गौरवलाई अक्षुण्ण राख्तै संसारको अनन्त यात्रामा अग्रसर भएका हामी नेपाली कहिल्यै, कहीं पनि कसैको, कस्तै घुर्की र धम्कीले आफ्नो दृढताबाट विचलित हुन सक्तैनौं। आफ्नै देशीय माटोमा आफ्नो मुटुको स्पन्दन घोलेर नव नव सिर्जना गर्न अघिसरेका नवयुगका निर्माता हामी आफ्नो देशलाई बचाउँछौं र हामी जस्तै आफ्नै सुख दुःख बाँडेर आफ्नै माटोमा शान्तिपूर्वक बाँच्न अरूलाई सिकाउँछौं पनि। यही दृढता कविज्यूका कवितामा पाइन्छ:-

CC-0. In Public Domain. Digitization by eGangotri

"तर्सन्नौं कदापि कसैको–
घुर्की धम्की वा धपाइले
बाँच्यौं, बाँच्छौं, बचाउँछौं
मिलेर माटो मायाले ॥"

× × ×

"जुन देशमा विष्णु र बुद्ध
साथ साथै छन् लम्किएका
देशभक्तिले कुत्कुतिएका
नेपाली हौं नेपालका ।"

हो हामी बुद्धका देशका शान्तिप्रिय मानिस हौं र अहिंसाका परम पूजारी विष्णुपूजक पनि हौं । हामीलाई संसारमा शान्ति माथि अटल विश्वास छ र पञ्चशील र सहअस्तित्त्वको भावनालाई हृदयँदेखि आदर गर्दछौं र कसैको शान्तिमा हामी बाधक बन्न जाइलाग्दैनौं पनि । तर हाम्रो यस विश्वजनीन भावनालाई कसैले कम्जोरी र निस्क्रियता सम्झेर हामीलाई हियाउँद छ र हाम्रो देशीय अखण्डतालाई कोही खण्डित गर्न आइलाग्छ भने अवश्य नै आफ्नो माटोको संरक्षणको लागि जे जस्तोसुकै बलिदान गर्न पनि पछि हट्ने छैनौं । देशलाई जोगाएर देशको द्रुततम विकासलाई अवश्य नै अक्षुण्ण राखी छोड्ने छौं । यस भावनालाई कवि श्री एम्. बी. बी. शाह दृढतापूर्वक यी पंक्तिहरूमा व्यक्त गर्नु हुन्छः–

CC-0. In Public Domain. Digitization by eGangotri

"खुकुरी मुठी कसेर–जाई त्यसै लाग्देनौं
आई लागे ढालेरै–विकास वत्ती बालौंला ।

× × ×

देशको लागि परेमा–हट्दैनौं अघि सरेर
वचाई तिमी बांदेरै–विकास वत्ती बालौंला ।

× × ×

न मर्‍यौं, नमर्छौं नामर्द भएर–
डट्छौं संधै भई वीर देशका ।।"

पुर्खाको अनन्त शौर्य र देशको गौरवपूर्ण गाथाको अमर तासो तथा राष्ट्रिय अखण्डता र एकताको अमर प्रतीक, सूर्य चन्द्राङ्कित राष्ट्रिय झण्डा नेपाली राष्ट्रवादी कविहरूको लागि सांच्चै प्रेरणाको अक्षय स्रोत बन्न पुगेको छ । मोतीराम भट्टले राष्ट्रिय झण्डाको महिमा यसरी गाए:–

"अचल् झण्डा फर्कोस् फरफर
गरी कान्तिपुरिमा
रिपुको मन् थर्कोस् थर थर
गरी छीन घरिमा ।"

अनि लेखनाथले गाए, सिद्धिचरणले गाए, व्यथितले गाए, अझ यस पंक्तिमा उभिएर माधव घिमिरेले सारै सशक्त स्वरमा राष्ट्रिय झण्डाको गीत यसरी गाए:–

CC-0. In Public Domain. Digitization by eGangotri

"यो झण्डा घाम झुल्का हिमगिरि शिरको, विश्वको नैन तारा
पुर्खाको रक्तधारा सिउर विजयको, वीरताको सितारा ।

× × ×

यै यौटा सूर्य चन्द्राङ्कित ध्वजपट नै नित्य अड्ला जगत्मा
पारी पृथ्वी उज्यालो जबतक रहलान् चन्द्रमा सूर्य सत्मा ।"

अनि यसै परम्पपरालाई राष्ट्रका परम पूजारी कवि श्री एम्. वी. बी. शाहले अझ दृढतापूर्वक आफ्नै मौलिक भावनाको जलप लगाएर अघि बढाउनु भएको छ । घिमिरेले जस्तै शाहज्यूले पनि यसै सूर्य चन्द्राङ्कित झण्डाको मुनि करोडौं नेपाली संगै हिलमिल गरेर बाँच्ने र पुर्खाको वीरताको यस अमर चिन्हलाई देशीय भावनात्मक एकताको प्रतीकको रूपमा संधै सुरक्षित गरेर राख्ने आफ्नो राष्ट्रिय दृढतालाई व्यक्त गर्नु भएको छ । कविज्यूले, अझ खास गरेर जातभातको संकुचित परिधिबाट माथि उठेका नेपाली जातिको निमित्त राष्ट्रिय झण्डा, राष्ट्र र राष्ट्रियताको महत्त्व सर्वोपरि छ र राष्ट्रिय जीवनको अनिवार्य अङ्गको रूपमा रहेको यसको संरक्षणको लागि नेपाली जे गर्न पनि तयार छ भन्ने कुरा समेत स्पष्ट गरेर देखाइदिनु भएको छ। पूर्व मेचीदेखि पश्चिम महाकाली-सम्मको नेपाली भू–भागमा छरिएर वसेका हामी नेपालीको निमित्त भौगोलिक पार्थक्यता हुन सक्त छ । तर राष्ट्रियता, राष्ट्र र राष्ट्रिय झण्डाको संरक्षणको निमित्त र देशको विकास तथा उन्नतिको निमित्त हामीमा कुनै पार्थक्यता नभएर नेपालका हामी सम्पूर्ण नेपाली एक छौं भन्ने कुरा स्पष्ट देखाउँदै कवि शाह भन्नु हुन्छः–

CC-0. In Public Domain. Digitization by eGangotri

"ज्यू, धनभन्दा स्वदेश प्यारो नेपाली ठान्दछौं
सूर्य र चन्द्र अङ्कित झण्डा उचाली राख्ने छौं ।
जात भात चाहे जे छौं —

× ×

पाखा, पर्वत, समथर जहाँ छौं
छौं हामी सुरक्षित एक ध्वजामा
शिव शक्तिको यो अटल देशमा ।

× ×

सूर्य चन्द्र अङ्कित हाम्रो
झण्डा राम्रो देश विशाल,
राखौं सान सबले यसको—
मिलिजुली साथै नाम महान् ।"

हामी नेपालीहरूको आदर्श र साहस सारै महान् तथा उच्च पनि छ। संसारको सर्वोच्च शिखर सगरमाथाको पृष्ठभूमिमा समानान्तर भएर बाँचेको हाम्रो जातीय परम्परा र आदर्श संसारको कुनै देशका जातिको परम्पराभन्दा कम छैन। पूर्व मेचीदेखि पश्चिम महाकाली-सम्म सारा नेपालका उत्तरी सीमालाई सुरक्षित गरेर बसेको हाम्रो देशको अमर प्रहरी र आर्य आदर्शको महान् शिक्षक, धवल हिमश्रृङ्खला, हाम्रो राष्ट्रियताको अभिन्न अङ्ग बनिसकेको छ । देवताको आत्मा तथा विश्ववन्द्य शिवजीको तपोभूमि भएको यस पावन क्षेत्रलाई

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलेदेखि नै कविहरूले आफ्नो अनन्त प्रेरणाको स्रोतको रूपमा यसको मुक्त कण्ठले प्रसंशा गरेका छन् । महाकवि कालिदासले हिमालयको यस रूपमा वर्णन गर्नु भएको छः–

> "अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराज
> पूर्वाऽपरौ तोयनिधी बगाह्य, स्थितः पृथिव्या इवं मानदण्डः ।"

अनि हाम्रा नेपाली कविहरूमा यसलाई अतिशय मुक्तकण्ठले प्रशंसा गर्नेहरूमा स्वर्गीय कविशिरोमणि लेखनाथ हुनु हुन्छ । जसले अरू फुटकर कविताको साथै यसैलाई लिएर एक सिंगै महाकाव्यको रचना नै शुरू गरी दिनु भएको थियो "गंगा गौरी" । तर अभाग्यवस उहाँले यसलाई अधुरै राखेर हामीबाट विदा हुनुभयो । यस पछि हिमालयका महान् प्रशंसक कवि घिमिरेले हिमालयको अलौकिक सौन्दर्यलाई आफ्नो कविताको माध्यमद्वारा सारा नेपालीको छाती भरी फैलाउनु भएको छ । उहाँ हिमालयको वास्तविक चित्रलाई उतार्न साँच्चै सफल पनि हुनु भएको छ । यसलाई लिएर नेपालका प्रायशः सबै कविहरूले आफ्नो कलम अनायासै चलाएका छन् । हुन पनि प्रातः कालको अरुणोदयदेखि लिएर संध्याको गोधूलीसम्म नै सूर्यको किरणमा चम्कने तथा रातमा चन्द्रमाको मधुर तथा शीतल किरणमा टल्कने हिमालयको अनुपम छटा प्रायशः २४ घण्टा नै नेपालीका आँखा र छातीमा झल्कि रहन्छ । कुनै पनि संवेदनशील कवि यसको अनुपम सौन्दर्यानुभूतिबाट पृथक् भएर रहन सक्तैन । अनि उसको लेखनी स्वतः यसतर्फ चली नै हाल्दछ । यसै क्रममा हामी श्री एम्. बी. बी. शाहलाई पनि पाउँछौं । तर उहाँ अरू

CC-0. In Public Domain. Digitization by eGangotri

कविहरू जस्तो केवल हिमालयको कोरा सौन्दर्यानुभूतिमा मात्र सीमित भएर रहनु भएको छैन । उहाँको दृष्टिमा हिमालयको खास आफ्नै किसिमको विशेष महत्त्व छ । जसले नेपाली राष्ट्रियताको पृष्ठभूमिको काम गरेको छ र नेपाली राष्ट्रियता तथा नेपाली स्वाभिमानलाई आफ्नै समकक्षमा उचालेर महान् बनाएको छ । शाहज्यूको राष्ट्रवादी कवि–भावना यस किसिमको महान् राष्ट्रको प्रतीक हिमालयको प्रशंसा गरेर कहिल्यै थाक्तैन । अनि उहाँ आफ्नो कृतज्ञतालाई भावुक भएर यसरी व्यक्त गर्नु हुन्छः–

"कति राम्रो जङ्गलको, पल्लो पट्टि डांडो
स्वर्गलाई टेवा दिने सगरको थामो ।"

यो हिमालय केवल स्वर्गलाई टेवा दिने सगरको थामो मात्र होइन । यो हाम्रो देशको अङ्ग खास गरेर संसारकै सर्वोच्च चुचुरो पनि हो । नेपाल र नेपालीलाई संसारको कुनै शक्तिको सामु पनि शिर नझुकाई बाँच्न सिकाउने महान् प्रेरणाको स्रोत नै यही शिखर हो भन्ने कुरा देखाउँदै नेपाली जातीय गौरवलाई यसै सन्दर्भमा राखेर प्रस्तुत गर्नु हुन्छः–

"हाम्रै हो सर्वोच्च चुचुरो,
हामी छौं प्रसिद्ध विश्वका
हामी छैनौं कतै झुकेका,
हामी हौं त्यही–सन्तान देशका

CC-0. In Public Domain. Digitization by eGangotri

यस किसिमको महान् हिमालयको पृष्ठभूमिमा बसेको नेपाल राष्ट्रको गौरवलाई अक्षुण्ण बनाएर राख्ने दृढता व्यक्त गर्दै कविज्यू भन्नुहुन्छः–

"जुन राष्ट्रको पृष्ठभूमि छ
विश्व भरीको उच्च हिमाल,
त्यस देशको गौरव राखौं
हाम्रै हो यो देश नेपाल ।"

हिमाल र नेपालको गौरव जोगाएर राख्ने तथा यस देशको कीर्तिलाई संसारमा अमर बनाएर फैलाउन नेपालीले अथक प्रयास गर्नु पर्छ भन्ने कुरा देखाउँदै यसको लागि सारा नेपालीलाई व्यक्तिगत स्वार्थ तथा रिस इबी बिर्सेर एक भएर कार्यक्षेत्रमा अघि बढ्न कवि आव्हान गर्नु हुन्छः–

"आऊ, बनाऔं साथ मिलेर
भोलिको यो हाम्रो नेपाल ।

× × ×

सुन्दर, शान्त, हिमाली–देशको मुहार पारेर
बनाऔं अगि सरेर–बेलामै हामी मिलेर ।

× × ×

बिर्सनु अब हामीले–अवश्य पर्छ आपसको
रिस र इबी स्वार्थको–तेरो र मेरो भनेको ।"

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले हाम्रो देश बनाउन आफ्नै पसीना बगाउनु पर्छ र आफ्नै पाखुरीमा विश्वास राख्नु पर्दछ भन्नु हुँदै उहाँ हामीमा केवल हिम्मत र स्वाभिमान हुनु पर्दछ भन्ने कुरामा विशेष जोड दिनु हुन्छ। हामी कर्मठ र जाँगरिला भयौं भने हामी सारा सम्पन्न हुनेछौं र हाम्रो देश ऐश्वर्यशाली बन्ने छ। तर यसको लागि हामीमा एउटै भावना संधै जागा भएर रहेको हुनु पर्दछ। त्यो भावना हो राष्ट्रिय भावना, आफ्ना देशका लागि बाँच्न र मर्न सक्ने उज्ज्वल भावना। हामीले देशको लागि केही गर्न सक्नु पर्दछ। आफू बाँचेको समयलाई देशीय माटोमा अमिट पारेर छोड्न सक्नु पर्छ। देशको संरक्षण र देशीय गौरवको सम्वर्धनमा हामीले ज्यान दिन सक्नु पर्दछ। राष्ट्रको संरक्षण भएमा हाम्रा सुख दुःखहरू हामी आफू आफूमा सजिलै बाँडेर लिन सक्तछौं। यसै कुरालाई इंगित गर्दै शाहज्यू भन्नु हुन्छः—

"सुख दुःख हाम्रो हामी नै
आपस आपसमा बाडौंला
जुन देशमा जन्म्यौं हामी
त्यसकै लागि मरौंला।"

कविज्यूका राष्ट्रवादी भावनाहरू कहिले राराको मोहक छटामा राराको संग्लो पानी भरी भएर पोखिन्छन् त कहिले बिहानीपखको अरुणोदयको रातो जलप लागेका हिमाली पाखा भरी हुँदै नेपालका गाउँ घर भरी भएर छरिन्छन्। कविले कतै नेपाल मातालाई सच्चा सपूतको नाताले सान्त्वना दिनु भएको छ त कतै देश छोडेर पर्देश लागेका

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली सन्तानहरूलाई स्वदेश सम्झन आह्वान गर्नु भएको छ। कविज्यूले कतै जय जय भनेर नेपाल माताको स्तवन गर्नु भएको छ त कतै दुई करोड हात चलाएर नेपाल मातालाई सिंगार्न स्वदेशी बन्धुलाई गुहार्नु भएको छ। कतै कविज्यूले आफ्नो देशको गौरवलाई स्वाभिमान पूर्ण प्रशंसात्मक शब्दमा प्रस्तुत गर्नु भएको छ त कतै आफ्नू यथार्थ स्थितिलाई घामभन्दा पनि स्पष्ट देखिने गरी दर्शाई दिनु भएको छ। यसरी श्री एम्. बी. बी. शाहज्यूका राष्ट्रवादी भावनाहरू राष्ट्रको मुटुलाई स्पर्श गरेर चारैतिर छरिएका छन्। अनि फेरि चारैतिरबाट समेटिंदै राष्ट्रप्रेमात्मक केन्द्र विन्दुमा चुलिंदै टम्म भएर मिलेका छन्।

नेपाली माटाका कण कणमा नयाँ शक्तिदायी दिव्य आत्माको सिर्जना गर्न नेपाली डाँडा काँडा, खोलानाला र पाखा पहरा भरी भएर पोखिएका शाहज्यूका राष्ट्रप्रेमात्मक भावनाहरू व्यष्टि भएर पनि समष्टि भएका छन्। किनभने उहाँका गीतहरू एक जना वा कतिपय व्यक्तिमा मात्र सीमित नरहेर एक करोड नेपालीका साझा प्रेरणाका मन्त्र बनिसकेका छन्:–

"दुई कोटी पाखुरी करोडको मेहनत।
करोड कै खातिर–बढौं हामी तम्सेर"

भन्दै उहाँ कोटी कोटी नेपालीको मुख भएर बोल्नु भएको छ।

कविज्यू आफ्नै पौरख र पसीनामा आफ्नै इमानले कमाएको कमाईमा बाँच्न र केवल सास फेरुञ्जेलमात्र होइन युग युग-सम्मका लागि चिरञ्जीवी भएर बाँच्न अनि संसारमा संधै ज्यूँदो जाग्दो

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीको नाउँले बाँच्ने प्रेरणा दिंदै भन्नु हुन्छः—

"खियाऊ हातका नङ्ग्रा
वेलामै…………इमानले ।
जिउँदोमा जति सक्छौ,
बाँच जिउँदो नामले ॥"

केवल नाउँले मात्र होइन कामले नै बाच्नु पर्छ भन्ने कुरालाई सम्झाउँदै कविज्यू तदर्थ हाम्रो कर्तव्य र हामीले अपनाउनु पर्ने जीवन-पद्धति तर्फ समेत सङ्केत गर्नु हुन्छः—

"मूल बाटो समातेर, वाचौं ज्यूँदो कामले ।
अनुशासन, राष्ट्रियता,
एकता, वसालेर ।
वनौं परिश्रमी सारा,
नेपालीत्व अंगालेर ॥"

—※—

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो अध्ययन

प्रेमात्मक अनुभूति

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमात्मक अनुभूति

पहिलो अध्ययनमा मैले कवि श्री एम्. वी. वी. शाहका कृतिमा पाइने राष्ट्रवादी स्वरको संक्षेपमा विवेचना गरेको थिएँ। अब अहिले यस अध्ययनमा उहांको प्रेमात्मक अनुभूतिजन्य रागात्मक संचेतनाको बारेमा संक्षेपमा विवेचना गर्ने प्रयास गरेको छु। शाहज्यूको प्रथम काव्यात्मक अनुभूति करुणात्मक प्रेमको स्पर्श पाएर प्रष्फुटित भएर निस्कन्छ। मलाई यहां मन लागेको छ, श्री एम्. बी. वी. शाहका करुणात्मक रागात्मिका अनुभूतिलाई यस्तैं किसिमका कविका हृदयका झंकार संग लगेर तुलना गरौं, जसको काव्यमा शाहज्यूको जस्तैं सच्चा मुटुको ढुक्‌ढुकी लुकेको पाइन्छ। जसको काव्य साधनाको प्रथम उषा केवल बसिवियाँलोको समय नभएर हृदयको सच्चा अनुभूति प्रकाशनको समय हुन गएको छ। कवि श्री एम्. बी वी. शाहलाई यसैं पंक्तिमा राखेर अध्ययन गर्नु उपयुक्त हुनेछ। किनभने यस्तैं करुण तथा दिग्दारीको अवस्थामा उहांको हृदयबाट साहित्य स्वतः स्फूर्त भएर बाहिर निस्कन्छ। वाल्मीकिको 'मा निषाद' जस्तो उहांका अन्तस्‌बाट करुणात्मक अभिव्यंजनाको धारो लाग्छ। कसैको लागि सुंपेको छाती चकनाचूर भएर

CC-0. In Public Domain. Digitization by eGangotri

फुट्छ । कविको हृदयमा असैह्य वेदना हुन्छ । अनि हृदय निचोरिएर उनै अविस्मरणीय प्रेयसीको सम्झनामा "उसैको आगि" ले जन्म पाउछ । आखिरी मानिसले समयको पांग्रामा गुडिरहनै पर्छ र केही न केही गरेर संसारमा बाँचिरहनै पर्दछ । कविज्यूको जीवन पनि यस्तै छ । कसैको निमित्त व्यथित भइरहेको अशान्त छाती लिएरै पनि कविज्यूले संसारी भएर काममा प्रवृत्त हुनै पऱ्यो । आखिरी तैपनि उसैका लागि सुंपेका हृदयले उसलाई विर्सन सकेन र केही समय पछि "फेरि उसैको लागि"को उदय भयो । नेपाली साहित्य काशमा प्रकाशमान भएका यी २ कृतिहरूद्वारा कविज्यूको विदग्ध कवि हृदयलाई साहित्य प्रेमीहरूले राम्रै-संग परिचय पाउन सकेका छन् । शाहज्यूको हृदयमा कसैले कति गहिरो छाप छोडेर गएको रहेछ । कसैको निमित्त शाहज्यूको छातीमा कति अपार स्नेह र प्रेम रहेछ, त्यो कुरा हामी यी २ कृतिहरूमा स्पष्ट नै देख्न सक्छौं । त्यही मर्मान्तिकारी घटनाले गर्दा अनायाश उहांका हृदय-बाट कवितामय अनुभूति छचल्किन्छ । यो अवश्य मान्नु नै पर्दछ कि प्रेमको करुण पक्ष अथवा यसो भनौ विरह पक्ष नै श्री एम्. बी. बी. शाहको मुख्य विषय हुन गएको छ । किनभने उहांको काव्य साधनाको प्रथम स्रोत विरह व्यथा छ । कसैको निमित्त उदांगिएको छातीबाट निस्केका संग्ला विरहका झिल्का शाहजीका कविताहरूमा यत्र तत्र पाइ-न्छन् । उहांको प्रमुख साधना र साध्यको विषय पनि त्यही हुन गएको छ । उहां आफूलाई आंधीमा परेको दुर्बल चराको उदाहरण दिनुहुन्छ । जसले केवल धक्का खाएर छोडेर गएको हुन्छ । आफ्नू चलिरहेको शान्त जीवनमा खलबल मचाएर भताभुंग पारी जीवनलाई डगमगाई दिएको

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । कविज्यू कसैको अभावमा आफ्नू सर्वस्व गएको अनुभव गर्नु हुन्छ । अरूको निमित्त त्यो साधारण भए पनि उहांको निनित्त त्यो सर्वस्व थियो । किनभने प्रेमी हृदय आफ्नू प्रेमीका तुलनामा सारा संसार नै तुच्छ ठान्दछ । उसको लागि त्यो बराबर केही पनि हुन सक्तैन । उसको सर्वस्व नै त्यही हुन्छ र जीवनाधार पनि त्यही नै हुन्छ । कालिदासले रघुवंशको अज विलापमा सोही कुरा देखाउनु भएको छ । जो आफ्नी प्रेयसीलाई सर्वस्व ठानिएको छः—

"गृहिणी सचिवः सखी मिथः
प्रियशिष्या ललिते कलाविधौ,
करुणा विमुखेन मृत्युना
हरता त्वां वद किं न मे हृतम्, ।"

अनि शाहज्यू भन्नु हुन्छः—

"चाँदनी दिलको थियो, किन अंधकार गरी गयो
यदि विश्वको भए तुच्छ त्यो, यस दिलको सर्वस्व थियो ।"

× × ×

"दिलको चैन गयो छिनमा
मुखको हांसो पनि ।"

यसतै विरह व्यथाले निमोठिएको मुटु लिएर क्रिश्चिना रोजेटी यसो भन्छिन्ः—

CC-0. In Public Domain. Digitization by eGangotri

"My moon is ended, abolished from life and light,
My moon is ended, ended and down away
My sun went down in the hours that still were day
And my lingering day is night."

श्री एम्. बी. बी. शाह् कसैको अभावमा यसरी तुलना गर्नुहुन्छ आफैलाई:-

"अंधेरी रात हूं त्यस्तो, कि चन्दा दूर भो जसको
डुवेको प्राणी हूं त्यस्तो, किनारा दूर भो जसको ।"

कस्तो विडम्वना छ, कवि कसरी आफ्नै छाती निचोरेर पनि वाँच्त छ । आफ्नू रुन्चे छातीको अंध्यारो पाटो खोलेर आफ्नू दुःख अरूलाई संचार गराई आफ्नै अनुभूति अरूमा जगाएर एकै छिन भए पनि छाती पगालेर बाहिर रुवाउंछ । अनि आफ्नू कर्तव्य पूरा संझेर एकै छिन भए पनि शान्ति पाउंछ । यस्तै किसिमको क्षणिक शान्तिमा तहरिएका शाहज्यूका मार्मिक व्यथाहरू "उसैको लागि" र "फेरि उसैको लागिमा" झल्याक्झुलुक् भएर देखिन्छन् ।

कवि हृदय त्यो प्रथम मिलन कहिल्यै विर्संन सक्तैन । जुन दिन आफ्नो मयालु संग भेट भएको थियो र हातमा हात परेको थियो । जस्को तडित्स्पर्शमा सारा शरीर रोमान्चित भएर आएको थियो:—

"जुनिलो छांया, मयालु मेल म भन्न सक्तिन
हातमा हात परेको वेला विर्सिन सक्तिन ।"

CC-0. In Public Domain. Digitization by eGangotri

कविको प्रथम दर्शनको समय उहाँलाई सारै अविस्मरणीय र आल्हाद्कारी भएर आउंछ । हातमा हात परेर लोलाएका आँखा र धडकेको छाती उहाँ कहिल्यै बिर्सन सक्नुहुन्न । ती बितेका दिनमा भएका कुराहरू मन भरी र छाती भरी संगालेर बाच्न चाहनु हुन्छः—

"पहिलो दिन भेटेको वेला, संगाली मनैमा
बितेका दिन भएको कुरा साँचौला छातीमा ।"

त्यो दिन, त्यो प्रथम मिलन र पधेराका कुना निर एकाविहानै भेटेर चार आँखा भएको समय कति स्पृहणीय छ कविलाई, कति बिर्सिनसक्नु छ कविको छातीलाई । यसैले त कवि भन्नु हुन्छ, वरु आफू र विश्वलाई समेत विसर्न सक्तछु । तर त्यो दिन र समय विर्सन सक्तिन । कस्तो सर्वात्मना तथा एकमना भक्ति र विश्वास छ कविको आफ्नी प्रेयसी र प्रेम माथि । कति दृढ विश्वास छ आफू र आफ्नू धारणा माथिः—

"बिर्सिन सक्छु आफूलाई, विश्वलाई, तर शक्तिन
एक विहानी भेट भएको, पनेरो छेऊ निर ।"

क्रिश्चिना रोजेटी पनि आफ्ना प्रेमीसंग यस्तै यस्तै कुरा भन्छिन् र सोध्न पनि खोज्छिन्ः—

"I wish I could remember that first day
First hour, first moment of yours meeting me."

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमराजेश्वरी पनि यसै भन्छिन्:–

"बिर्सूं, तर भन बिर्सूं कसरी ?"

यो एउटा समस्या भएर उभिएको छ यी प्रेमीहरूका अगाडि । संझनु र विर्सनुको दोसाँधमा यिनीहरू बाँचिरहेका हुन्छन् । यी अविस्मरणीय क्षणहरू, यी प्रेम र मायाका अमर सूत्रहरू नत बिर्सेर नै बिर्सिन सकिन्छन् नत चुडाएर नै चुडाउन सकिन्छन् । जे जति हृदयमा टाँसिए, ती आजीवन ताजा नै रहेर मुटुको भित्री कुनामा सुसाई रहन्छन् । वरू जीवन भर तडपिरहेरै भए पनि प्रेमी त्यस स्मृतिलाई ताजै बनाएर छाती भरी राखी रहन चाहन्छ । किनभने यसवाट नै कसै प्रतिको चिर स्नेह आफ्नो छातीमा सधैं ताजा भएर रहने उसलाई आशा हुन्छ । कवि शाहज्यू पनि यसै भन्नुहुन्छ:–

"खुशी छु, दिल तडपनैमा
म उनको याद पाउंछु ।"

र रोजेटी परि आउने समस्त दु:ख सहेर पनि आफूले कसैमाथि अर्पण गरेको चिर स्नेहको सन्देश अशंकित भएर ऊ सम्म पुऱ्याउन चाहन्छिन् । उसलाई यो विश्वास दिलाएर आफू सुखको शास फेर्न चाहन्छिन् । कसैको लागि सांचेको खोक्रो हृदय उसैलाई बुझाएर उऋण हुन चाहन्छिन्:–

"I love you, and you know it at least,
This comfort is mine own in all My pain,
You know it, and never doubt again."

CC-0. In Public Domain. Digitization by eGangotri

तर प्रेमराजेश्वरी थापाको स्थिति भने भिन्नै किसिमको छ। आफूले भित्री हृदय–पटमा टाङेको कल्पित मौन तस्वीरसंग उनी शंका गर्छिन्। कसो हो कसो उसले आफ्नू मौन आँखाको भाषा बुझ्ने कुरामा उनलाई शंका उत्पन्न हुन्छः–

"मन मन्दिरको भित्री कुनामा
कल्पित टाङे जुन तस्वीर,
संगिनी, भाषा मौन हुनाले
बुझ्ला "त्यो" आँखाको पीर।"

"त्यो" कति निर्दयी र अबुझ भान हुन्छ प्रेमराजेश्वरी थापालाई। तर शाहज्यू र रोजेटीको अवस्था र विश्वास भने भिन्नै छ। उनीहरूको आफ्ना आराध्य प्रति अनन्य विश्वास छ। यसैले त उनीहरू उसैलाई संझेर वा तडपेर बाच्न चाहन्छन्। यसै तडपन र जलनको सन्देश "ऊ" सम्म पुर्‍याएर उसैको संझनामा बाच्न चाहन्छन्।

प्रतीक्षा प्रेमीको निमित्त एक महान् परीक्षाको घडी हुन्छ। तर त्यसै प्रतीक्षा वा आशामा प्रेमी बाँचेको हुन्छ पनि। कसैको लागि आफू बाँचिरहनु र कसैका निमित्त आफ्नू सर्वस्व त्याग गर्नु प्रेमी आफ्ना लागि महान् कर्तव्य संझन्छ। तथापि कहिलेकाहीं यस लामु पर्खाइबाट ऊ दिक्क हुन्छ र अधैर्य पनि बन्न खोज्दछ। अनि कहिलेकांही चित्त दुःखाएर प्रश्न गर्न थाल्दछ। शाहज्यू पनि ठाउं ठाउंमा यस्तै कुराहरू गर्नु हुन्छः–

1734
डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

"विरहको थियो सानु झिल्को
लुकी फुकी सल्कायौ
भष्म पार्‍यौ तर सबै किन,
आशा एक बचायौ ? ।"

अनि प्रेमराजेश्वरी थापा पनि प्रतीक्षाबाट वाक्क बन्दै यसो भन्छिन्:-

"अतिशय टाढा मिलन चिहायो
बिर्सूं, तर भन, बिर्सूं कसरी ?"

स्पष्ट र अस्पष्टको बीचमा रन्थनाएको व्यथित हृदय आफैं संग पनि समय समयमा विश्वास हार्न थालेको हुन्छ । ऊ संझन खोज्छ कसको लागि ऊ तडपिरहेको छ ? जसको लागि ऊ अहोरात्र छटपटाइ रहेको छ, किन तैपनि त्यो आराध्य मूर्ति उसको अगाडि प्रत्यक्ष हुंदैन । अनि-प्रेममा विक्षिप्त जस्तो भएको प्रेमी जताततै प्रश्न गर्न थाल्दछ, फूल, चन्द्रमा, पानी, हावा र हुरी संग पनि । दण्डकारण्यमा सीतासंग विछोड भएका रामचन्द्रले यस्तै प्रश्न गरे । अजले इन्दुमतिको विरहमा यस्तै प्रलाप गरे । कवि वर्ड्स्वर्थले लुसीको वियोगमा यसरी नै आफूलाई प्रकृति भरी पारेर हराइदिए । भावावेशमा आएको कविको व्यथित हृदय चेतन र अचेतनका बीचमा भेद दृष्टि पनि राख्तैन । यही कुरा आफ्नी प्रियतमा सँग छुट्टिएर वसेको कालिदासको विरही यक्ष, मेघसंग स्पष्ट नै भनी दिन्छ । चेतन र अचेतनको सीमालाई ऊ स्पष्ट नै लत्याइदिन्छ । अनि हाम्रा कवि शाहज्यूको अवस्था पनि यस्तै नै छ । राती लागेको

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ण चन्द्रमा संग उहां यस्तै प्रश्न गर्नु हुन्छ। उहांलाई आफैंसंग विश्वास हराए जस्तो भान हुन्छ। कसको प्रेम कसरी कविको छातीमा दर्द बनेर टाँसिएको छ। यसमा उहांलाई कता-कता कौतूहल र शंका पैदा हुन थाल्छ। यही कुरा चन्द्रमा सँग सोध्नु हुन्छ:–

"ए चांद बताऊ, ए चांद बताऊ,
दर्द छ दिलमा कसको लागि कसरी चैन हरायो
बिर्सिनसक्नु प्यार यो कसको कसरी दिलमा आयो।"

अनि प्रेमराजेश्वरीलाई पनि यस्तै प्रश्न गर्न मन लाग्छ आफ्नी संगिनीसंग आफ्नू कल्पित प्रियतमको बारेमा। आफै माथिको शंका समाधान गर्न मन लाग्छ उनलाई आफ्नै मनसंग प्रश्न गरेर:—

"संगिनी कसले अनजानैमा
आकर्षणको खोल्यो द्वार ?
कुन पीडाको वीणामा यो
बजी रहेछन् करूण पुकार,"

मुटुको भित्री कुनाबाट विरहका सहस्र धारा बगाएर संधै रोइरहेको कविको करुण हृदय आशा र निराशा, हाँसो र आंशुको घामछांया तापेर संधै कसैको प्रतीक्षामा हुन्छ। छाती र प्राणहरू भरी अनेकौं राग रागिनी, सपना र विपनाहरू भरिदिएर अन्त कतै सुटुक्क अल्पिएको प्रेमीको पुनरागमनको आशामा कवि बाँचिरहेको हुन्छ। कवि

CC-0. In Public Domain. Digitization by eGangotri

श्री एम्. वी. वी. शाहको स्थिति पनि यस्तै करुण र दीन छ । कसैको प्रतीक्षाले उहांलाई संधै सताई रहन्छ । दुःखेको दिल र टुटेको मन चूर चूर भई सक्तछ । तैपनि आशाले कहिले पूर्णता प्राप्त गर्ने हो कुनै निश्चय हुंदैन । अनि उहां आफ्नू दुःखेको दिल निःसंकोच यसरी देखाई दिनुहुन्छः–

"दुःखेको दिल टुटेको मन
दुःखेर चूर चूर भो नि
थियो आशा संधै जसको
ऊ उस्तै नै संधै भो नि ।"

भिक्षुलाई पनि यस्तै अनुभव हुन्छ । शाहज्यू जस्तै उनी पनि कसैबाट ठगिएका छन् । नयां आशा र उमंगहरू भरेर, नयां आश्वासन र उन्मादहरू छाती भरी छरेर कोही कहिल्यै नफर्कने गरी अर्कै संसार बसाउन गएको छः–

"प्रानहरूमा भरी सखी यो शून्यपनाको भार
गयौ कता तिर तिमी वसाउन कुन नौलो संसार"

जे होस्, तैपनि आशावादी कविको आशाको स्यानु त्यान्द्रो कुनै न कुनै दिन भेट हुने आशामा अल्झिरहेको नै हुन्छ । डांडापारी भइ सकेकी प्रेयसीलाई कवि भेट्न चांडै आउने प्रतिज्ञा गर्नुहुन्छ र डाडै पारीबाट आफ्नी हृदय साम्राज्ञीलाई हृदयको करुण राग सुनाउन चाहनु हुन्छः–

CC-0. In Public Domain. Digitization by eGangotri

"पर्खेर बस त्यो डांडा पारी,
अवश्य आउंछु,
कुरेर बसी यो डांडा वारी
म गीत गाउंछु ।"

कविको आशावादी दृढ निश्चय सारै उज्यालो छ । जहां अँध्याराको र सन्देहको लेश सम्म पनि छैन । जुनेली घाममा भेटेर जीवन भरी मुटु साटेर बस्ने प्रतिज्ञा गर्दै कवि यसो भन्नु हुन्छः–

"मिलन हाम्रो एक दिन होला
जुनेली घाममा
जीवन भरी साटेर मुटु
बसौंला छाँयामा ।

कस्तो विश्वास र आस्था छ उहांमा आफ्नू प्रेम र प्रेमिका प्रति । त्यसै आशाले आशावादी कवि आफ्नी मन मन्दिरकी रानीलाई स्वागत गर्न नयां चन्द्रमा, नयां कली आदिको सौगात लिएर संधै खुला हृदयले पर्खि रहेको हुनु हुन्छ । यही नवीन वातावरण र नूतनताको परिवेशमा उहाँ आफ्नी प्रेयसीलाई बोलाउनु हुन्छः–

"मन मन्दिरकी रानी अब छम छम गर्दै आउ
म स्वागत गर्छु तिम्रो ।
नवीन चन्दा, कली नयां भो,
नवीन हावा, नयां जमाना,"

CC-0. In Public Domain. Digitization by eGangotri

सबै नयैं नयां छ कविको आफ्नो प्रेमको संसारमा। आफ्नी हृदयेश्वरी आउने आशामा संसारको प्रत्येक वातावरण कविलाई नयां लाग्दछ। उहाँ कहिलेकाही यसरी सपना पनि देख्नु हुन्छः—

"सपनीमा देखें मैले संग संगै बसेको
शरमको सिमसिमे, पसीनाले रुझेको"

कति चिर प्रतीक्षित हुनु हुन्छ कविजी, उनी आउने आशामा र विश्वासमा। यस्तै किसिमले क्रिश्चिना रोजेटी पनि आफ्ना प्रियलाई दीन तथा करुण स्वरमा पुकारा गर्छिन् र आफ्ना विगतका दिनहरूको संझना पनि गर्दछिन्:—

"Come back to me, who wait, watch for you
My hope hangs waning, waxing, like a moon
Between the heavenly days on which we meet.
Ah me, but where are now the songs sang.
When life was sweet becacause you called them sweet,"

रोजेटीका आशा र विश्वासहरू पनि शाहज्यूका जस्ता नै छन्। चन्द्रकला जस्तै संधै घटवढ भइरहन्छन्। तैपनि आशावादी कवि प्रेमिकाको तस्वीर हेरेर भए पनि आपना दिनहरू काट्न चाहनु हुन्छ र मनलाई सन्तोष र शान्ति दिन चाहनु हुन्छ। तर केवल अचेतन तस्वीरले मात्रै पनि त संधै शान्ति दिन सक्तैन। अनि कविको विरह यसरी प्रश्नको रूपमा वाहिर पोखिन्छ:—

CC-0. In Public Domain. Digitization by eGangotri

"भन लौ तिमी नढाँटी
कसरी बुझाऊँ यो दिल
हेरेर खाली तस्वीर
कति दिन बुझाऊँ यो दिल ।"

शाहज्यूको निमित्त आफ्नी प्रेयसीको तस्वीर त थियो आफ्नू चित्त बुझाउन र आँखालाई अलमल्याउन । तर कालिदासको विरही यक्षको लागि त्यति साधन पनि छैन । बल्ल तल्त गेरु आदि रङ्गले कोरकार पारेको कल्पित चित्रलाई पनि आंखा भरी आएको आंशुले हेर्ने शौभाग्य दिदैंन । कस्तो विडम्बना, कति निष्ठुरी छ दैव । यता अर्को तिर हाम्रा कवि शाहज्यू कहिलेकाहीं के के लेख्न खोज्नु हुन्छ । हुन सक्तछ, उहाँ आफ्नू मनको विरह गीतमा पोख्न खोज्नु हुन्छ या प्रेयसीको मिर्मिरे चित्र विहानी उषाको लालीमा रेखांकन गर्न खोज्नु हुन्छ होला । अनि त्यही चित्र भरी पारेर आफ्नू व्यथापूर्ण हाँसो पोख्न चाहनु हुन्छ होला । तर उहांको न कलम नै चल्दछ न त मुटु छ चल्काएर हांसो नै उठ्तछ । अनि दिक्क मानेर भन्नु हुन्छः -

"लेख्न खोज्छु कहिले कही, कलमै चल्दैन,
हास्न खोज्छु कहिले कही हांसो नै उठतैन ।"

हो सारै शोचनीय हुन्छ यो वखत व्यथित कवि हृदयको । उता रोजेटी पनि यसै भन्छिन् । उनले त्यस विरहको समयमा उच्चारण गरेका शब्दहरू न त उनी फेरि उच्चारण गर्न नै सक्तछिन्, न त लेख्न नैः–

CC-0. In Public Domain. Digitization by eGangotri

I cannot write the words I said
My words were slow, my tears few."

प्रेमीहरूको व्यथित दिल संधै प्रतीक्षामा बाचेको हुन्छ प्रकृतिका प्रत्येक अवयवले उनीहरूको छातीलाई चर्काउने काम गर्दछ। वर्षाको पानीले दावानललाई समन गर्ला तर हृदयाग्निलाई निभाउन सक्तैन। झन उल्टो यसले आगोमा घ्यू थप्ने काम गर्दछ। अनि कुहिरो र वर्षा प्रेमीहरूका निमित्त अभिशाप बन्न जान्छ। कविको व्यथित हृदय पनि यही वर्षामा लाग्ने कुहिरोसंग विरक्तिन्छ। आफ्नी प्रतीक्षित प्रेमिकाको सन्देश कहिल्यै पनि नल्याउने बादलदेखि मनमा अशान्ति पैदा हुन्छ। कालिदासको यक्षले यसै वर्षाको बादलद्वारा आफ्नी प्रेयसीलाई सन्देश पठाएको थियो तर त्यही बादल आज रित्तै रित्तै, केवल अशान्ति मात्र थप्न आउंछ। कहिल्यै पनि सन्देश ल्याउदैंन:-

"कुहिरो लाग्छ……संधै सन्देश ल्याउदैन
यो मनलाई संझाउन खोज्छु, संझनै सक्तैन।"

कस्तै छ कविको हालत, फूल, पात, लहरा, तारा र चन्द्रमालाई हेर्दा हेर्दै कसैलाई संझेर दुखेको मन लिएर बाँचेको कविलाई कालिदासको सक्षले झैं प्रकृतिका विभिन्न पक्षलाई हेरेर मात्र मन बुझाउन पनि त मुश्किलै पर्छ। यस संसारमा अरू वस्तुको औषधि पाइएला तर कसैको प्रेमले फुटाएको मुटुको भने औषधि अवश्य पाइदैंन। जति औषधि र सेक ताप गर्‍यो यो उति चर्कंदै जान्छ। महाकवि देवकोटा 'मुना मदन' मा मदनको मुखबाट यही व्यक्त गर्नु हुन्छ:-

CC-0. In Public Domain. Digitization by eGangotri

"मदन भन्छन्, चरक पढ, सुश्रुत पल्टाऊ
मनको व्यथा रहन्छ कहां मलाई वताऊ ।"

× × ×

"औषधि छैन हे मेरी दिदी फुटेका मुटुको ।"

औषधि छैन दुःखेको मनको र फुटेको मुटुको। तैपनि त्यस आफ्नो सर्वस्व हृदय सम्राट्लाई धड्कन र छातीका सम्झनाका तारहरूमा ताजै वनाएर राख्न सकेमा तै पनि दिलको दर्द केही कम हुने आशा गर्न सकिन्छ । प्रेमीका निम्ति वाचिदिन सक्नु र प्रेमीले आफ्नू अस्तित्त्व उसैमा सुम्पेर एकात्म्यवोध गर्न सक्नु प्रेमको महान् विशेषता हो। आफ्नी प्रेमी वा प्रेयसीको सुख वा दुःख, हाँसो वा आंशुलाई स्वीकार्न सक्नु र संगसंगै विशाल संसारको यात्री बनेर जस्तोसुकै आपत् विपत्लाई अंगीकार गरेर आफ्नू पवित्र प्रेम प्रतिको आफ्नू कर्तव्य निभाउन सक्नु प्रेमको पुनीत मार्गमा अग्रसर हुने महान् यात्रीहरूको प्रथम कर्तव्य हो। तर क्षणिक स्वार्थपूर्तिको लागि पवित्र प्रेमलाई अपवित्र बनाउने धृष्टता गर्नु केवल उत्ताउलोपना वाहेक अरू केही हुन सक्तैन । यस्तालाई प्रेमको पवित्र संज्ञा पनि त दिन सकिदैन । अमर तथा निश्छल प्रेमका अमूर्त चिन्हहरू मूर्तिमान् मुटुका वीचमा खोपिने र टुसाउने शाश्वत वस्तुहरू हुन् । मूर्तिको उपस्थिति र अनुपस्थितिले यसलाई केही असर पार्न सक्तैन । जुन प्रेम समय, समाज र कालको परिधिमा सीमित भएर पनि हराउँदैन । कालान्तरमा त्यही दुई मुटुको ढुकढुकी सहस्र मुटुको अमर ढुकढुकी

CC-0. In Public Domain. Digitization by eGangotri

बन्न जान्छ । यस्तै छ सच्चा प्रेमको इतिहास, विश्वको मानव समाजमा । शाहाज्यूका पवित्र तथा शाश्वत अभिव्यक्तिहरू पाइन्छन् उहांका कविता-हरूमा । प्रेयसी संग अमूर्त रूपमानै एकात्म्यवोध गरेर पवित्र प्रेमको उदा-हरणमा दिनु हुने कविज्यू कति सरलता संग प्रष्ट देखिनु भएको छ उहां, आफ्ना कविताका हरफहरूमा–

"सुखमा मेरो हांसोमा हाँसो, तिम्रै छ लुकेको
दु:खमा पनि आंशुको थोपा, तिम्रै छ खसेको ।।
छातीमा मेरो मुटुको धड्कन, तिम्रै छ लुकेको ।"

× × ×

"विषनामा या सपनामा
जीवनमा या मृत्युमा ।
आशामा या निराशामा
उल्लासमा या आंशुमा
तिमीनै टम्म जतातता ।"

कति व्यापक छ कविको एकात्म्यवोध । कति विश्वास छ आफ्नी प्रेयसी र आफ्नू प्रेममा । सच्चा प्रेमको मृत्यु हुंदैन कहिल्यै पनि भनेर कविलाई यस कुरामा विश्वास छ । प्रेमका प्रतीकहरू अमर छन् प्रेमको साम्राज्यमा । कवि विलियम वर्ड्स्वर्थ चर अचरमा लुसी देखेर बाँचेका हुन्छन् । उनी सन्तोष गरिदिन्छन् प्रकृतिका क्रियाकलाप र रूप-विधानमा आफ्नी प्रेयसीको मूर्त तथा अमूर्त आभाषहरूको वोध गरेर ।

CC-0. In Public Domain. Digitization by eGangotri

उनी यस्तै सच्चा हार्दिक अभिव्यक्तिलाई आफ्ना अधिकांश कविताहरूमा पोखेर साहित्यको संसारमा अमर भएका छन् । कवि माधव घिमिरे गौरीमा हृदययै घोप्टचाएर पोखिई दिनु भएको छ, गौरी भरी भएर । उनका प्रत्येक शब्दहरू गौरीका निम्ति सर्वस्व सुम्पन वैरिएका देखिन्छन् । माधव घिमिरेले एक प्रेमीको सत्य रूप गौरीमा हृदयै खोलेर देखाई दिनु भएको छ । यस्तै अनुभूतिका सच्चा प्रेमात्मक झिल्काहरू श्री एम्. बी. बी. शाहका कविताहरूमा पनि पाइन्छन् । उहां आफ्नी हृदय साम्राज्ञीलाई सर्वस्व सुम्पन्न चाहनु हुन्छ । आफू सबै बिलाएर ऊनै हुन चाहनु हुन्छ । तर दुर्भाग्य, उहां केही पनि दिन सक्नु हुन्न. आफ्नी प्रेमिकालाई । जे दिन खोज्यो, उही डराउछ वा उडेर बिलाउंछ । कति प्रष्ट हृदयको आवाज छ कविको 'के छ र दिऊँ' भन्ने कवितामा । कति वाध्यता र विवशताको पुञ्ज छ मान्छे आफू आफैमा । कवि, संसारमा प्राप्त हुने सबै वस्तु उसलाई सुम्पन्न खोज्नु हुन्छ उपहारको रूपमा तर एक थोपा आंशु सम्म पनि दिन सक्नु हुन्न यथार्थमा । यसैले यो कविता, कविको हृदयको सच्चा आवाजलाई सग्लो रूपमा उतार्न सफल भएको छ । यसैले यो सारै यथार्थ र मार्मिक पनि छ । यस कविताका प्रत्येक पंक्तिहरू अति मार्मिक रूपमा कविका अनुभूतिहरूलाई उतार्न सफल बनेका छन् । प्रायः सबैको अनुभूति संग मिल्ने हुदा पाठकहरूलाई यो कविता सारै राम्रो लाग्छ । मेरो व्यक्तिगत धारणा यस्तै छ ।

यस प्रकार कवि श्री एम्. बी. बी. शाहका कविताहरूमा पाइने प्रेमका लयालु ढुकढुकी र विरहजन्य हृदयद्रावक करुणात्मक अनुभूतिको

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययन गर्दा हामी यही निष्कर्षमा पुग्दछौं कि उहां सच्चा रूपमा प्रेमको कवि हुनु हुन्छ । उहांका कविताहरूमा पाइने प्रेमको अमूर्त रूप-विधानमा उहांको आत्मा बोलेको हुन्छ । उहांको हृदयलाई बुझिदिने मान्छेले उहांका प्रत्येक कविता वा गीतका पंक्तिहरूमा उहांको मुटुको धड्कन सुन्न सक्त छ । किन भने कवि श्री एम्. बी. वी. शाह बलजफत रहरले बनेको प्रेमको कवि हुनु हुन्न । उहांलाई यस मार्गमा अग्रसर गराउने उहांकै फुटेको मुटु र टुटेको मन छ । कोही उहांसंग प्रगाढ प्रेम गरेर उहांवाट टाढा भएको छ । उहां गीत र कविता भरी भएर अनन्त राग रागिनीमा उसैलाई खोज्न चाहनु हुन्छ । भित्र र वाहिर, आकाश र पाताल सबै चाहार्न चाहनु हुन्छ । जून र घाम, रात र दिनभरी छरिएर उसैलाई छुन र वोलाउन चाहनु हुन्छ । तर उहांको आशा पूर्ण हुन सक्तैन । उसैलाई भेट्ने चाहना झन् वढ्दै जान्छ तर उसको छांया सम्मको दर्शन पनि कवि गर्न पाउनु हुन्न । यसको प्रतिकूल आफू संग ऊ टाढिदै गएको देखेर कविमा विरह व्यथा प्रवल भएर आउछ । अनि झन् हृदय निचोरिएर वाहिर पोखिन्छ आंशु आंशु भएर । हृदय उदांगिएर वाहिर आउछ मार्मिक कविता र गीत वनेर । हुनत कवि शाहका कविता र गीतहरूमा हामी वहुविध भावनाका गुञ्जनहरू पाउंछौ । उहांका आफ्ना रचनाहरूमा राष्ट्रवादी भावनाको सशक्त छाप परेको हुन्छ । उहांको राष्ट्रवादी भावना यति मुखर छ, जसले हाम्रा छाती र वुद्धिलाई एकै चोटी स्पर्श नगरी छोड्दैन । यसैले उहांलाई नेपाली साहित्यका राष्ट्रवादी कविहरूमा अग्रगण्य स्थान दिन मलाई मन लाग्छ । फेरि प्रकृतिवादी कविहरूमा पनि उहांले आफ्नू मूर्धन्य स्थान राख्नु हुन्छ । यसै

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकार ईश्वरीय भक्तिवादी परम्परामा उभिएर पनि केही "पत्रं पुष्पम्" को रूपमा अभिव्यक्तिका केही थुंगाहरू शाहज्यूले नेपाली साहित्यको भव्य मन्दिरमा समर्पण गरी सक्नु भएको छ। यसरी हामी उहांको सिर्जनामयी लेखनीद्वारा अजस्र रूपमा बहुविध कविता र गीतहरूको सिर्जना भएको पाउँछौं। जहां सम्म म उहांलाई बुझ्न समर्थ भएको छु र जहां सम्म मेरो हृदयमा उहांका कविता र गीतको प्रभाव परेको छ, म उहांलाई सर्वाधिक रूपमा प्रेमको कवि र प्रेमको गायक नै मान्दछु। हो मैले माथि भने जस्तै उहांका बहुविध विषयका बिहुविध गीत र कविताहरू छन्। तर ती सबैका अन्तरमा सूक्ष्म रूपले हेर्ने हो भने कविको रागात्मिका वृत्ति अनुस्यूत भएर रहेको पाइन्छ। उहांको विरहाच्छन्न हृदय प्रत्येक भाव र लयका कविता वा गीतहरूमा आफूले खोजिरहेको अभिष्टको चाहनाको अदम्य तिर्सना पाइन्छ। प्रत्येक रचनाका पंक्ति पंक्तिहरूमा, पंक्तिहरूका धड्कन र धुकधुकीहरूमा त्यही एउटा कुराको छाँया वा प्रतिध्वनि पाइन्छ। कविले जसको आराधना र स्तवनको सन्दर्भमा आफ्नू साहित्यिक जीवनको श्रीगणेश गरिदिनु भएकोछ। सांच्चै एकै शव्दमा भन्ने हो भने नेपाली साहित्यमा उदित तथा बहुर्चाचित भएको 'उसैको लागि' र 'फेरि उसैको लागि' को सिर्जनाको मूलमा यसैले काम गरेको छ। कवि शाहज्यूलाई व्यक्तिगत जीवनमा एउटा ठूलो चोट लागेको छ। यस्तो चोट, जुन चोटले उहांको जीवनलाई नै उथल पुथल पारिदिएको छ। कसैलाई जीवन साथी वनाएर अनन्त जीवन पथमा अग्रसर भएका कविले त्यस प्रिय साथीलाई वीचैमा छोडेर एक्लै वन्नु परेको छ। अथवा यसो भनौ, त्यस विश्वसनीय

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन साथीले कविलाई बीच बाटैमा अलपत्र पारेर आफूले अर्कै तर फेरि कहिल्यै नभेटिने बाटो लिएको छ । अनि कविको संवेदनशील हृदय छिया छिया शतधार भएर फुट्त छ । त्यसबाट सहस्र विरहका राग रागिनीहरू पोखिन्छन् र नेपाली साहित्यमा कविता र गीतहरू वन्दछन् । 'उसैको लागि' र 'फेरि उसैको लागि' मा यिनै विरह व्यथाका केही मार्मिक अनुभूतिहरू हामी लयबद्ध भएको पाउंछौं ।

मैले यस प्रकार उहांका रचनामा पाइने विरहजन्य अनुभूति र प्रेमका हृदय द्रावक राग रागिनीहरूको यथासक्य संक्षेपमा अध्ययन गर्ने प्रयास गरें । अन्त्यमा, उहांका विरह व्यथामा पग्लिएका यी अक्षय अश्रुका विन्दुहरू नेपाली साहित्यको भण्डारमा अनन्त मोतीका दाना वन्नेछन् । अनि आफ्नी सहधर्मिणी प्रेयसीका निमित्त उघ्रिएको उहांको अनन्त व्यथा पूर्ण छातीको रून्चे कुनु, नेपाली साहित्यप्रेमी तथा प्रेमका कविहरूको निमित्त मार्ग दर्शकको काम गर्ने छ र अनन्त काल सम्म यस मार्गमा अग्रसर हुने प्रेरणा दिई रहने पनि छ ।

—*—

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो अध्ययन

प्रकृति चित्रण

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृति चित्रण

साहित्यसंसारमा प्रकृति चित्रणको सम्बन्धमा पूर्वी तथा पश्चिमी मनीषीहरूमा मत विभिन्नता पाइन्छ । प्रायशः पूर्वी मनीषी–हरूले यसलाई उद्दीपन विभावमा लगेर राखेका छन् । तर पनि यसको सर्वव्यापकतालाई भने वैदिककालदेखिनै स्वीकार गरिएको छ र काव्यको विशद श्रृंखलामा सबै प्रकारका प्रकृतिका रूपहरू पनं आउँछन् । पूर्वी संस्कृत साहित्यका महाकवि कालिदासले प्रकृतिको रूपलाई सारै नजीक-बाट मानवको तादात्म्यताको रूपमा वर्णन गर्नु भएको पाइन्छ । मानव र प्रकृतिका बीचमा यति मनोरम सामन्जस्य स्थापित गराउन सक्ने कविहरू संस्कृत साहित्यमा पाउन मुश्किल छ । हुन त कादम्वरीमा वाण भट्टले, भारविले किरातमा र प्रकृतिको मनोरम तथा भयानक दुवै रूप-लाई भवभूतिले उत्तर रामचरितमा वर्णन गरेका छन् तापनि कालिदासको जस्तो उपमा उत्प्रेक्षाद्वारा प्रकृतिको सौम्य रूपलाई दर्शाउन सकेका छैनन् । यस्तै पश्चिमी साहित्यमा पनि रोमा-ण्टिक (स्वच्छन्दतावादी) कविहरू तथा क्लासिकल (शास्त्रीय) कविहरूमा पनि प्रकृतिका वरदपुत्र वड्‌स्वर्थलाई भेट्न सक्ने कुनै पनि

CC-0. In Public Domain. Digitization by eGangotri

कवि छैनन् । प्रकृतिका उपासक विलीयम वर्ड्स्वर्थका रचनाहरूमा प्रकृतिको रूप सांच्चै सजीव भएर बाहिर आएको छ । यस सम्वन्धमा पश्चिमी विद्वान्हरूमा धेरै मतभिन्नता पाइन्छ । क्रोचेले प्रकृतिको रूप-लाई मानसिक अभिव्यञ्जनाको रूपमा हेर्ने कोशिश गरेका छन् त यस सिद्धान्तको विरोधमा डेसियर तथा वाल्काटले आफ्नो तर्क प्रस्तुत गरेका छन् । अनि यस्तै धेरै पाश्चात्य विद्वांन्हरूले पश्चिमी सौन्दर्यवादी साहित्यको परम्परालाई लिएर विभिन्न पक्षमा प्रशस्त तर्क वितर्क गरेका छन् । जसमध्ये प्रकृति चित्रण तथा त्यसको मनोवैज्ञानिक पक्षको बारेमा पनि प्रशस्त छलफल गरिएको छ । साहित्यिक शास्त्रीय सिद्धान्तमा मनोवैज्ञानिक पक्षलाई मान्यता दिंदै आफ्नो सिद्धान्त प्रस्तुत गर्नु हुने आधुनिक साहित्य समीक्षक आई. ए. रिचार्डस्ले प्रकृतिको यही मनोवैज्ञानिक पक्षको समर्थन गर्नु भएको छ । प्रकृतिको सम्बन्धमा पश्चिमी साहित्यिक तथा विचारक कलरिजले व्यक्त गर्नु भएको एक वाक्यांश, जो यदुनाथ खनालज्यूले तरूण तपसी एक दृष्टिकोणको सन्दर्भमा उल्लेख गर्नु भएको छ, यहाँ उद्धृत गर्ने आफ्नो लोभलाई सम्वरण गर्न सकिन । "वाह्य वस्तुलाई आन्तरिक तुल्याउनु र आन्तरिक वस्तुलाई वाह्य तुल्याउनु प्रकृतिलाई ज्ञान र ज्ञानलाई प्रकृति बनाउनु, यही कलाको विशिष्टताको रहस्य हो" । कलाकार वा कविले यही तादात्म्यताको माध्यमद्वारा आफ्नो सिर्जनात्मक प्रतिभालाई बाहिर प्रकट गर्न सक्छ । जुन प्रकृतिको बाहिरी प्रेरणा र कलाकार वा साहित्यिकको आभ्यन्तरिक चेतनाको सम्मिश्रणद्वारा एक सजीव कला वा कलाकृतिको सिर्जना सम्भव हुन्छ । यसको साथै कलाकार वा कविको आफ्नो मानसिक स्थितिको अनुरूप

CC-0. In Public Domain. Digitization by eGangotri

उसले आफ्नो ज्ञान वा चेतनालाई वाह्य जगत वा प्रकृतिमा आरोप गरी आफ्नो मानसिक स्थितिलाई प्रकृतिको माध्यमद्वारा बाहिर अभिव्यक्त गर्छ वा पाठकमा संचार गराउँछ। यसमा प्रमुख रूपमा कलाकार वा कविको अन्तश्चेतनाको तत्कालीन अवस्था विशेषले नै प्रमुख रूपले काम गरेको हुन्छ। यसो भएमा नै कविले यथातथ्य प्रकृतिको चित्रण आफ्नो अवस्थानुकूल गर्न सक्छ। यदि हामीले प्रत्येक प्रकृतिवादी कविका कृतिहरूलाई उनीहरूका तत्कालीन अवस्था विशेषसंग राखेर अध्ययन गर्ने कोशिश गर्यौं भने यो कुरा स्पष्ट हुन्छ। यसरी हेर्ने हो भने झण्डै हामी क्रोचेको अभिव्यञ्जनावादी सिद्धान्तको नगिच पुग्न खोज्छौं ता पनि त्यो सिद्धान्तलाई हामी पूर्णरूपेण स्वीकार गर्न सक्तैनौं। किनभने यो सिद्धान्त बाहिरी दृश्य वस्तुलाई अवहेलना गर्दै पूर्णरूपले मानसिक संसारमा नै सीमित हुन खोज्दछ। जो अंशतः सत्य हुँदाहुँदै पनि दृश्य जगतलाई पूर्ण मानसिक मान्नु असंगत र सोझै अव्यावहारिक ठहर्दछ। अब हामी यसपछि श्री एम्. वी. वी. शाहका कविताहरूमा पाइने प्रकृतिको रूपलाई विभिन्न दृष्टिकोणले हेर्ने कोशिश गरौं।

कवि श्री एम् बी. बी. शाह प्रमुख रूपमा प्रेमको कवि हुनुहुन्छ। त्यस पछि उहाँ राष्ट्रवादी कवि हुनुहुन्छ। यसो हुँदाहुँदै पनि उहाँको सूक्ष्म दृष्टि प्रकृतिको विभिन्न क्रियाकलापमा गएर पर्दछ। अनि त्यो प्राकृतिक वाह्यवस्तु कलरिजले भने जस्तै आन्तरिक ज्ञानको विषय बन्न पुग्दछ। अनि उहाँको अन्तरमा गएर त्यसले आफ्नो छाप छोड्दछ। वाह्य ज्ञान र आन्तरिक ज्ञान एक बनेर बाहिर निःसृत हुन्छ। उहाँको प्रकृति वर्णन कतै निरपेक्ष र शुद्धरूपमा प्रकृति सापेक्ष छ भने कतै आफ्नै मानसिक सुख

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखको रङ्गमा रञ्जित भएर कविका भावानुकूल बन्न पुगेको पाइन्छ। कतै प्रकृति अलंकारको सहायताद्वारा प्रकट भएको देखिन्छ । कतै भने प्रकृति उद्दीपन विभावको रूपमा प्रकट भएर कविको अन्तस्तलमा हलचल मच्चाउन पुग्दछ । कतै सुखानुभूतिका सन्दर्भमा उद्दीपनको काम गर्दछ त प्रायशः दुःखात्मक अनुभूतिकै उद्दीपकको रूपमा श्री एम्. वी. वी. शाहको प्रकृति देखा पर्दछ। अब यस सन्दर्भमा श्री एम्. वी. वी. शाहको कविता संकलन "उसैको लागि" बाट "आकाशका तिर्मिरे तारा" भन्ने एक कविताको सम्बन्धमा केही विचार गरौं । यो ८ पंक्तिको कविता सारै सानु छ तर यसमा सफलता पूर्वक कविले आफ्नू मानसिक अवस्थालाई प्रकृतिका विभिन्न रूप र क्रियाकलापहरु संगसंगै राखेर व्यक्त गर्नु भएको छ । जसवाट उहाँको अन्तस् प्रकृतिमा चित्रित भएर वाहिर व्यक्त भएको स्पष्ट हुन्छ। यहाँ हामी दुई थरी दृश्यहरू संगसंगै समानान्तर भएर हिंडिरहेको पाउँछौं । एकातिर प्रकृतिका विभिन्न रूप हाम्रा सामु आउँदै जाँदै गर्छन् मानु चलचित्रका विभिन्न दृश्यहरू देखा पर्दै वेरिंदै गर्दछन् । जस्तै आकाश भरी, आँखालाई तिर्-मिर् पार्दै चम्केका तारा, साउनको महीनामा वर्षको दर्के पानीको दृश्य, जसले मार्गका सारा ढुङ्गामात्र अवशेष राखेर माटोलाई बगाई दिएको छ र यात्रीहरूलाई वाटोमा हिड्न सारै कठिन भएको छ । जस मध्येको एक यात्रीको रूपमा कवि पनि हुनुहुन्छ र उहाँको मानस् जगत्मा सो स्मृति संधै ताजा नै भएर रहेको छ । जो विर्सेर पनि बिर्सिन सकिदैन । अनि झरी पर्दा पर्दा मेघाच्छन्न आकाशमा लुकेको चन्द्रमा, जसले अस्ताउने समयमा कविको हृदयमा आफ्ना क्षीण तर

CC-0. In Public Domain. Digitization by eGangotri

मायालु किरणको झल्को छोडेर गएको छ, जसको स्मृति कविको छातीमा संधै ताजा नै भएर रहेको छ। किनभने त्यही जुनेली छायाँको मुनि कविले आफ्नी प्रियतमालाई पाएको थियो जो विर्सेर पनि उहांको स्मृतिपटलबाट अस्त हुन सक्तैन। अनि अर्कोतिर कविको द्वन्दाच्छन्न मनको अवस्था देखिन्छ। जो मनमा संधै भए पनि मुखमा ल्याएर भन्न कविलाई संधै गाऱ्हो परिरहेको छ। जस्तै आकाश भरीको टिल्पिले तारालाई गन्न साध्य हुँदैन वा गन्न नै सकिदैन। त्यसैको छायाँमा कविका खज्मजिएका मनका भावहरू व्यक्त नै गर्न सकिदैनन्। कविको धाराको कुनानिरको प्रेयसीसंगको भेट पनि त्यस्तै अनिर्वचनीय नै छ। जो झरीको पछि लागेको जूनको कान्ति अविस्मरणीय र हृदयाल्हादकारी हुन्छ। त्यस्तै नै उहाँको भेट पनि मधुर तथा अविस्मरणीय छ। अनि यी दुवै तिरका भावहरू अर्थात् मानसिक जगत् र वाह्य जगत् प्रकृति, अन्तिमको २ पंक्तिमा गएर एकाकार भएर मिल्न पुग्छन्। जुनिलो छाँया-मुनि मायालु मेला र हातमा हात परेर आत्म विस्मृतिभएको समय सारै अविस्मरणीय भएर कविको आन्तरिक संसारमा टाँसिन्छ। यहाँनिर कविको ज्ञान प्रकृतिमय हुन्छ र प्रकृति ज्ञानमय भएर वदलिन्छ। अर्थात् वाह्य जगत् अभ्यन्तरमा र अभ्यन्तर वाह्य जगत्मा घुलमिल भएर तदाकार हुन्छन्। यसरी श्री एम्. बी. बी. शाहको यो कवितामा प्रकृति र ज्ञान छुट्याउन नसकिने भएर मिलेका छन्।

यस पछि हामी उहाँको यसै संग्रहको अर्को कवितालाई लिएर हेरौं, "तितरी पंखी" लाई। यो कविता मैले उल्लेख गरेको माथिल्लो कविताभन्दा भिन्नै कित्ताको हो। यो केवल प्रकृतिपरक छ र

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्य प्रकृतिको निरपेक्षरूपमा वर्णन गरिएको छ । प्रकृतिको छेउ छाउमा बसेका सरल तथा निश्छल ग्रामीणहरूलाई प्रकृतिको साथसाथै राखेर वर्णन गरिएको छ । यो कविता कविको मानसमा त्यत्ति एकाकार भएर बाहिर संचार भएको जस्तो लाग्दैन । हुन त कुनै पनि कविको भावाभिव्यक्ति हार्दिक अनुभूति नभइकन हुन सक्तैन र त्यति कविताको श्रेणीमा राख्न योग्य ठहरिंदैन तापनि यो चाहीं मेरो विचारमा माथि उल्लेख भएको कविताको श्रेणीमा पर्न सक्तैन । हुन त यो कवितामा कविज्यूले बाहिरी दृश्यमान् स्थूल प्रकृतिको राम्रो चित्रण गर्नु भएको छ । वेलुकीपख सूर्यास्तको समयमा सूर्यको पहेंलो किरणको जलप लागेको आकाशमा छिर्के–मिर्के भएर छरिएको तितरी पंखी वादल जो दर्शनीय हुन्छ, त्यसको सरल किसिमले वर्णन गरेपछि, जून लागेको रमाइलो रातमा पहाडी खोंचभित्र आफ्नै सुरमा कलकल गर्दै बगेको खोलाको पानीको रमाइलो दृश्यलाई खिच्नु भएको छ । हरिया डाँडा, निर्मल झरना, अग्ला हिमाली चुचुरा, जहाँ रूपौलो रङ्गको जलप लागेको छ । यसरी क्रमशः आकाशमा लागेको तितरी पंखी वादलको दृश्यबाट शुरू गरेर कविज्यूले गाउँको दृश्यलाई खिच्न गाउँमा यताउता घुमडुल गर्ने उकालो ओरालो लाग्ने रातोमाटो भएका गोरेटो तथा ढुङ्गेलो बाटोको वर्णन गर्नु भएको छ । यसपछि उहाँ हरिया पहाडको छेउछाउमा रहेको घरहरूको वर्णन गर्नुहुन्छ । कहीं सेतो कमेरोले पोतेको, कहीं रातो माटोले पोतेको पहाडी घरका आँगन तथा वारीहरूमा गाई भैंसी बाँधेको, मर्दाना तथा जनानाहरू डोको र नाम्लो बोकेर घाँसपात गर्न गएका, जनानाहरू पनि छलकटप र कृत्रिमता कत्ति

CC-0. In Public Domain. Digitization by eGangotri

नभएका, केवल आँखामा गाजल मात्र लगाएका, आफ्नै पसीनामा बाँचेका ती पहाडवासी प्रकृतिका उपासकहरू हिमाली हावा र सङ्लो पानी खाएर नीरोगी छन् । जालझेल रिस इर्वी केही नजानेको पहाडी जीवन आफैंमा पूर्ण, स्वच्छ र सरल छ । आफ्नै चुचाको भरमा बाँचेको स्वतन्त्र वातावरणमा उडेर हिंड्ने वनको चरो जस्तो तिनीहरूको जीवन पनि सुखी र आनन्दी छ ।

यसरी कविज्यूले यो कवितामा आफ्ना आँखा अगाडि आएको प्रकृतिको दृश्यलाई आकाश देखि लिएर पृथ्वीसम्म सरसरती हेरेर वर्णन गर्नु भएको जस्तो लाग्छ । मानु हाम्रा अगाडि नै त्यो सारा दृश्य मूर्त रूपमा छ । बाहिर हेर्दा प्रकृतिको स्थूल रूप तथा प्रकृतिको छेउछाउमा रहेको पहाडी सरल ग्रामीण जीवनको चित्र छर्लङ्ग देखिन्छ । मानु हामी कुनै चलचित्र नै प्रत्यक्ष रूपमा हेरिरहेका छौं जस्तो गरेर हाम्रा अगाडि तितरी पंखी वादलको दृश्य देखि लिएर सरल ग्रामीणको दैनिक क्रियाकलाप समेत आँखा अगाडि आउँदै जाँदै गर्दछन् । व्यापकरूपले प्रकृतिको एक दृश्यलाई सारा समेटेर वर्णन गरिएको छ । यसरी हेर्दा यो कविता वाहिरी वर्णनात्मक रूपमा राम्रो मान्ने पक्षमा पुग्छौं तापनि मैले माथि भने जस्तै या कविको अन्तस्मा भिजेर तदाकार भई कविको ज्ञानात्मक वृत्तिमा मिली नसक्तै बाहिर कविताको रूपमा अभिव्यक्त भै सकेको हुंदा जति मात्रामा यसमा काव्यात्मक अभिव्यञ्जना हुनु पर्दथ्यो त्यति संवेदनशील अभिव्यक्ति हुन सकेन । यही नै मेरो व्यक्तिगत विचार छ ।

कवि श्री एम्. बी. बी. शाहको प्रकृति प्रायः राष्ट्रात्मक प्रेममा

CC-0. In Public Domain. Digitization by eGangotri

रङ्गिएको हुन्छ। उहाँ आफ्नो राष्ट्रवादी अनुभूतिलाई प्रकृतिको सम्राट् हिमालको पृष्ठभूमिमा राखेर बाहिर व्यक्त गर्नु हुन्छ। अनि उहाँका सारा अभिव्यक्तिहरूमा यही हिमालयको हिमाली हावा तथा हिमाली पाखा-हरूको झल्को पाइन्छ। जहाँ नेपाली वातावरणमा नेपाली प्रकृति नै सजीव भएर उठ्तछ। कतै कवि हिमालयको चाकचक्यपूर्ण शोभामा लठ्ठ भएर स्वर्गलाई टेवा दिने सगरको थामो भनेर अलौकिकरूपले वर्णन गर्नु हुन्छ त कतै चन्द्रमाको मधुर कान्तिमा चुर्लुम्म डुबीरहेको उत्तरी किनारमा युगौं देखि झलमलाएर बसी रहेको नगाधिराजको अलौकिक शोभाको व्याख्या गर्नु हुन्छ। उहाँलाई आफ्नी जन्मभूमि नेपालको सरल तथा स्वाभाविक प्रकृति माथि सारै आत्मिक गौरव छ र उहाँको राष्ट्रिय प्रेमको भावना पनि यसैको साथसाथै बगिरहेको हुन्छ। यसैकारण उहाँ आत्म-विभोर बन्दै आफ्नी जन्मभूमि नेपालको सरस प्रकृतिलाई सरल तथा निश्छल आँखाले हेरेर सगौरव यसरी प्रस्तुत गर्नु हुन्छः–

"हेर हेर यही हो हाम्रो
जन्मभूमि नेपाल आएर।
छैन कतै बनौटी स्वांग
प्रकृतिको यहीं छ भण्डार"

हो साँच्चै नेपाल प्रकृतिको अक्षय भण्डार हो। यस कुरालाई पुष्टि गर्दै कवि नेपालको बिहानी झुल्के घाममा टल्केको हिमाल, ठूला ठूला पहाड, डाँडा, झर्ना, साल सल्लो, गुराँस, बगेको कलकल गर्ने खोलो, नदी, गाईगोठ, बसन्तको कोइली, तराईका मैदान, हरिया जङ्गल,

CC-0. In Public Domain. Digitization by eGangotri

आदिको वर्णन गर्नु हुन्छ । उहाँलाई विश्वास छ यी सबै मिलेर नै नेपालको प्रकृतिको भण्डारलाई भरेका छन् । अथवा यसो भनौं यिनको समष्टिरूप नै प्रकृति हो । अनि यसै कविताको पुछारमा आएर देशवासी-हरूको पनि उल्लेख गर्नु, प्रकृतिको सारल्य र निस्कापटयसंग नेपाली जनजीवनलाई पनि अनुस्यूत गरेर वर्णन गर्नु श्री एम्. वी. वी. शाहका कविताको आफ्नै किसिमको खास विशेषता हो । जहाँ प्रकृति र मानव जीवनको तादात्म्यता अथवा नैकट्य नभएर पार्थक्य भएको हुन्छ, त्यहाँ मानव जीवन साँच्चैको पूर्ण मानव जीवन रहन सक्तैन भन्ने कुरामा जोड दिइएको छ । अनि यसको साथसाथै देशीय दृष्टिकोणको पनि सर्वत्र झल्को पाइन्छ । यसरी श्री एम्. वी बी. शाहका प्रकृतिवादी कविताहरू नेपाली साहित्यको सरितामा त्रिवेणी भएर मिसिएका छन् । अथवा यसो भनौं उहाँको प्रकृतिवर्णनको एक मूलस्रोतवाट तीनथरी अनु-भूतिका धारा लागेर वाहिर निस्केका छन् । जहाँ जनजीवन सापेक्ष प्रकृति र प्रकृति सापेक्ष स्वदेश प्रेमात्मक अनुभूति पाइन्छ ।

यसरी कवि श्री एम्. बी. बी. शाहले प्रकृतिलाई विभिन्न दृष्टि-कोणले हेर्ने कोशिश गर्नु भएको छ । उहाँको प्रकृति कहिले उहाँको मानसिक अवस्थासंग मिसिएर विरक्तलाग्दो वनेको हुन्छ त कहिले उहाँको दुःखमा झन् आगोमा घ्यू थपे झैं गरेर दुःखलाई बढाई दिन पुगेको हुन्छ । वर्षाको एक अँधेरी रातमा कौसी माथि मेघलाई साथी बनाएर एक्लै झोक्रिएर वसिरहेको कविले आफ्नो चित्र सारै मार्मिक-रूपमा व्यक्त गर्नु भएको छ । मनमा दिग्दारी र सन्ताप बोकेको,

CC-0. In Public Domain. Digitization by eGangotri

साथीबाट बिछोड भएका कवि प्रकृतिको अँध्यारोभरी भएर लुक्न चाहनुहुन्छ । अनि मेघले चन्द्रमालाई आफ्नो कालोआवरण भित्र लुकाएर अँध्यारोभरी भएर लुक्नमा कविलाई पूर्ण सहायता दिन्छ । तर पनि कविको व्यथित छाती वर्षाको याममा चाम्कने बिजुलीको झल्याक् झुलुक्‌बाट विचलित भएर तर्सिन्छ । आफ्नी प्रियतमाबाट बिछोडिएको कविहृदय, रातभरी साथ दिने कालो मेघकी सहचरी विजुलीको उपस्थितिबाट किन विचलित नबनोस् ? । यदा कदा कविको दु:खी छातीलाई चन्द्रमाको मधुर किरण पनि दु:खदायी बन्न पुग्दछ । प्रकृतिको हरियाली पनि कविको निमित्त उजाड र नीरस बन्दछ । झन् विरहको व्यथाले उहाँलाई सताउँछ । यस प्रकार प्रकृति कविको विरहलाई दवाउन कतै सहायता दिन्छ त कतै उद्दीपक बनी उद्दीपन गराएर कविको व्यथित दिललाई झन् दु:खी वनाइदिन्छ । अनि कविलाई सबै नीरस र सुक्खा लाग्दछ । प्रकृतिका विभिन्न दु:खद पक्षसंग आफूलाई तुलना गर्दै कविको अश्रुपूर्ण भित्री कुनु उदाङ्गिन्छ । उहाँ चन्द्रमा दूर भएको कालो अँधेरी रातसंग आफू दाँजिनु हुन्छ । अनि पालुवा हराएको सुकेको बूढो वृक्षको उपमा आफूमा घटाउनु हुन्छ:—

"अँधेरी रात हुँ त्यस्तो, कि चन्दा दूर भो जस्को ।
सुकेको वृक्ष हुँ वनको, हरायो पालुवा जस्को ।।"

श्री एम्. बी. वी. शाहको प्रकृति, उहांका रचनामा विविधरूपमा प्रकट भएको छ । कवि कहिले देशको पृष्ठभूमिमा प्रकृतिको वर्णन गर्नु हुन्छ । कहिले आफ्ना सुख र दु:खमा रङ्गिएर उहांको प्रकृति देखिन्छ त

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले उहाँको प्रकृति आफ्नैपनमा निरपेक्ष भएर देखिन्छ। जसमा कविको अनुभूति प्रकृतिमै मिलेर व्यक्तिगत परिधिबाट माथि उठी निर्वैयक्तिक बनिसकेको हुन्छ। आजको यस प्रसङ्गको अन्तमा श्री एम्. बी. बी. शाहको यस्तै एक विशिष्ट प्रकृतिवादी कविताको उल्लेख गर्दै यो समाप्त गर्ने विचार गरेको छु। यो हो कविको अनुभूतिपूर्ण प्रकृतिवादी राराको सम्बन्धमा लेखिएको "कसले झाऱ्यो तिमीलाई" भन्ने कविता।

हिमालयको मनोरम तथा ऐकान्तिक क्रोडमा रहेको राराको निर्मल तथा मनमुग्धकारी छटालाई देखेर कविको आत्मा पग्लेर आउँछ। राराको निर्मल जलले आफ्नो छातीमा उतारेको, कतै कतै बादलको थोप्ला थोप्ली भएको नीलो नभको, पानीमा छानिएर टल्केको व्यापक मूर्ति कविको हृदयाकाशमा गएर चित्रित हुन्छ। शान्त तथा निर्मल तालमा विस्तार विस्तार चलेको लेकाली हावाको स्पर्शबाट उठेको साना साना तरङ्गमा राराको सौन्दर्य मूर्तिमान भएर उठ्तछ। यो दृश्यले कविको आत्मा त्यो मनोरम दृश्यमा एकाकार हुन पुग्दछ। कवि प्रकृतिको नैजीव्यताको भेदबाट माथि उठनु हुन्छ र उहाँ प्रकृतिमै एकाकार हुन पुग्नुहुन्छ। अनि उहाँ रारालाई एक सजीव प्रेयसीको रूपमा सम्बोधन गर्दै बहुविध प्रश्न गर्नु हुन्छ। कविको विचारमा राराको सौन्दर्य लौकिक नभएर दिव्य ठहर्छ। यति राम्रो शान्त तथा मनोरम सौन्दर्य लौकिक वस्तुमा एकै ठाउँमा रहनै सक्तैन भन्ने उहांको धारणा भएर नै होला राराको सौन्दर्य र राराको मूर्तिमय प्राकृतिक रूपलाई मृत्युलोकबाट टाढाको ठानी यस संसारमा कसले झाऱ्यो र कुन

CC-0. In Public Domain. Digitization by eGangotri

बाटो गरेर आयौ अथवा यस्तो सुन्दर र सुकुमार चीजलाई अरू मार्गबाट आउन उपयुक्त नठहर्ने ठानी इन्द्रधनुषको खुड्किलोबाट पो औल्यौं कि भनेर सोध्नुहुन्छ । कविको अनुभूतिमा उत्रेको राराको दिव्य छटालाई स्वर्गबाट पृथ्वीतिर झर्दाखेरि बाटोमा तातोरापले कसो पगालेन र वर्षाले कसो पखालेनछ भन्ने शङ्का व्यक्त गर्नु हुन्छ । यसै प्रकार आकाशको खुला तूफानी चपेटामा पर्नबाट जोगिएको राराको कोमलता र हिमशिखरमा चोभिएर धमिलिनुबाट सुरक्षित भएको यसको निर्मलतामा कवि सान्है मुग्ध पनि हुनुहुन्छ । फेरि यसपछि कविलाई शङ्का लाग्छ कतै यो राराको शोभालाई बसन्तले संगसंगै लिएर स्वर्गबाट यहाँ आएको थियो तर उसले आफ्ना साथमा यहीं राख्यो र अतिसय स्नेहले गर्दा फर्काउन नै पो सकेन कि ? । अथवा राराको सम्पूर्ण आल्हादकारी सौन्दर्य नै शरद् ऋतुको पूर्णिमामा लाग्ने चन्द्रमाको चाँदनी नै पो हो कि ? । फेरि कविलाई लाग्दछ, रारा कहीं पृथ्वीको डल्लोलाई नै स्वर्गको एक अंश सम्झेर झुकिएर त यहाँ आएकी होइनन् ? । यस्तै प्रसङ्गमा महाकवि कालिदासले पनि मेघदूतमा आफ्नी जन्मभूमि उज्जयिनीलाई स्वर्गको कान्तिमान् एक टुक्रा भनेर वर्णन गरेका छन् । त्यस्तै किसिमले श्री एम्. बी. बी. शाहज्यूले पनि स्वर्गको एक टुक्राको रूपमा राराको सन्दर्भमा पृथ्वी अथवा आफ्नी मातृभूमिलाई देखाउनु भएको छ । यसपछि कवि फेरि आफ्नै कान्तिपुरमै झल्किरहने चन्द्रमाको रूप नै पो हौ कि भनेर रारालाई सोध्नुहुन्छ । यस प्रकार कवि श्री एम् बी. बी. शाह राराको सौन्दर्यमा विभोर हुँदै आफैमा आफ्नै प्रश्न माथि प्रश्न गर्नु हुन्छ । राराको सौन्दर्यले कविको हृदयमा एक जादूको काम गर्दछ, अनि राराको निर्जीव

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतिक रूप साँच्चै नै कविको अन्तस्मा साञीव्य भएर उठ्तछ। महाकवि देवकोटाको सुन्दरीजलमा हामी जसरी कविको आफ्नै संसार र आफ्नै किसिमको सजीव सौन्दर्यको झल्को पाउँछौं, जो हाम्रा चर्मचक्षु र इन्द्रियको पकडदेखि वाहिरको कुरा पर्दछ । जहाँ कविको आफ्नै निजीपन रहेको हुन्छ र कविले आफूले देखेको र सुनेको कुरालाई सजीवरूपमा उतारेको पाइन्छ। यस्तै किसिमले राराको सौन्दर्यको विषयमा कवि एम्.वी.वी. शाहले हामीले नदेखेका र नसुनेका अथवा हाम्रा वोधा इन्द्रिय ग्राह्य हुन नसकेका कुरालाई आफ्ना संवेदनशील हृदयले ग्रहण गरी हाम्रा अगाडि प्रस्तुत गर्नु भएको छ। यहाँ कविको आफ्नै निजी भावना र अनुभूति हामी पाउँछौं ।

यस प्रकार, यस सन्दर्भमा कवि श्री एम्. वी. वी. शाहको साहित्यिक कृतिमा पाइने प्रकृतिको चित्रणको बारेमा मोटामोटी रूपमा केही अध्ययन गर्ने कोशिश गरिएको छ ।

—※—

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो अध्ययन

भक्तिवादी भावना

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तिवादी भावना

कवि श्री एम्. वी. वी. शाहको साहित्य–साधनाको सन्दर्भमा मैले माथि उहांका कविताहरूमा पाइने प्रवृत्ति र विषयको दृष्टिकोणले कविताको धारालाई मोटामोटी रूपमा ४ भागमा विभाजन गरेको थिएँ। ती मध्ये तीन विषयलाई संक्षिप्त रूपले केलाउने धृष्टता गरी पनि सकेको छु र अब आजको यस प्रसङ्गमा म उहांका कवितामा पाइने ईश्वर भक्ति सम्बन्धी विषयको चर्चा गर्ने प्रयाश गर्न लागेको छु। श्री एम्. वी. वी. शाहका साहित्य साधनाका दुइ पुष्पहरू संकलित रूपमा हाम्रा अगाडि प्रष्फुटित भइसकेका छन्। जहाँसम्म प्रकृत विषयको कुरा छ त्यो चाँही केवल उहांको प्रथम संकलन "उसैको लागि" मा मात्र हामी पाउँछौ। 'उसैको लागि'मा पाइने भक्ति रस सम्बन्धी सरस हृदय–आल्हादक धारा फेरि 'उसैको लागि'मा गएर टुंगिसकेको हुन्छ। अझ भन्ने हो भने 'उसैको लागि'मा पनि यस किसिमका कविताहरूको संख्या सारै नगण्य छ। उसैको लागिमा कविको हृदय जति रसार्द्र र कोमल देखिन्छ, फेरि 'उसैको लागि'मा त्यो स्थिति हामी पाउन सक्तैनौं। 'उसैको लागि'का करुणरसार्द्र प्रेम तथा भक्तिका कवि 'फेरि उसैको

CC-0. In Public Domain. Digitization by eGangotri

लागि'मा रोमाण्टिक र राष्ट्रवादी बनिसकेको हामी पाउँछौं। मेरो यस भनाइको तात्पर्य 'उसैको लागि'मा पाइने कविको जुन मनोदशा छ 'फेरि उसैको लागि'मा आएर यसमा धेरै परिवर्तन भइसकेको पाइन्छ। 'उसैको लागि'मा कविको जुन किसिमको तल्लीनता छ, यथार्थ, स्वाभाविक हृदयको अभिव्यक्ति र निश्छल उच्छलन छ, त्यही कुरा हामी 'फेरि उसैको लागि'मा पाउन सक्तैनौं। हुन त 'उसैको लागि'मा कविको सिर्जनाको स्तर बढेको छ र यसमा पाइने कविताहरू परिमार्जित र प्रौढ पनि छन् भन्ने जहांसम्म समीक्षकहरूको भनाई छ त्यसमा म पनि सहमत छु र यसैलाई माथि स्वीकार पनि गरिसकेको छु। तर पनि जहांसम्म हृदयको सहज अनुभूति र त्यसको निश्छल अभिव्यक्ति(Lyric)को कुरा छ त्यो भने प्रथम संकलनमा जति हामी दोस्रो संकलनमा अवश्य नै पाउंदैनौं। यसको मुख्य कारण हो, 'उसैको लागि'मा संकलित कविताहरूको रचनाको समयमा कविको जुन किसिमको मनोदशा र भावना पनि थियो, त्यही किसिमको मनोदशा र परिवेश दोस्रो संकलनमा संकलित कविताहरूको रचना काल संग मिलन आउंदैन। 'उसैको लागि'मा संकलित कविताहरूलाई कविको तत्कालीन समय संग यथातथ्य राखेर हेर्ने हो भने यो कुरा स्पष्ट हुन आउंछ। कविको साधनावस्थामा नै कविलाई जुन किसिमले हृदयमा आघात पऱ्यो, त्यही पीडा र आघातबाट सहज रूपमा जुन कुरा बाहिर उच्छ्वसित भयो वा हृदयको सच्चा अनुभूति बाहिर अभिव्यक्त भयो, त्यही काल नै कविको प्रथम साहित्य साधनाको समय हो। अनि यही स्वाभाविकताको प्रथम प्रस्फुटन हो कविको भक्तिवादी कविताको प्रथम काल। संसारमा प्रायः गरेर जसरी

CC-0. In Public Domain. Digitization by eGangotri

हामी साहित्यको इतिहासको प्रथम कालमा भक्तिवादी कविता वा साहित्यको युग देख्तछौं । त्यसै गरी श्री एम्. वी. बी. शाहको साहित्य साधनाको प्रथम कालमा पनि हामी भक्तिवादी कविताको सिर्ज़नाको अवस्था देख्तछौं । काल सापेक्ष या व्यक्ति सापेक्ष जुनसुकै कुरालाई लिए तापनि एम्. वी. वी. शाहका कविताहरूको अध्ययन वा समालोचना गर्न वस्ता यदि उहांको साहित्य–सिर्ज़नामा निहित भक्तिवादी कवितालाई हेरेनौं वा अध्ययन गर्ने प्रयास गरेनौं भने, उहांका कविता वा साहित्य–सिर्ज़नामा पाइने यथातथ्य विषय वस्तु, अनुभूति, अभिव्यक्ति र तद्गत धारणा प्रति नै हामी अनभिज्ञ वा अपूर्ण नै रहने छौं । किनभने यिनै भक्तिवादी कविताहरू नै कविका प्रेम सम्वन्धी कविताका प्रथम सिर्ज़नाका स्रोत हुन सक्तछन् । अथवा अर्को शव्दमा, भक्तिवादी कविताहरूले नै कविलाई प्रेम सम्वन्धी कविता लेख्न सर्वप्रथम प्रेरणा दिएको हुन सक्त छ भन्ने मेरो धारणा छ ।

नेपाली साहित्यको इतिहासमा वा भक्तिवादी कविताको इतिहासमा इन्दिरस, विद्यारण्य केशरी, यदुनाथ तथा भानुभक्त आदि देखि लिएर त्यस पछिका विभिन्न कविहरूले रचेका भक्तिवादी साहित्यको परम्परामा कवि शाहका यी भक्तिवादी कविताहरूको खास आफ्नै किसिमको विशेष स्थान छ । केवल भाषामा परिष्कृति मात्र न आएर शोचाई, उपासना र स्तवनको परिपाटीमा समेत नवीनता आएको छ । श्री एम्. वी. बी. शाहका यी कविताहरूमा पाइने अर्को खास विशेषता हो, परम्परादेखि चलिआएको भक्तिवादी साहित्यमा पाइने श्रृंगारी उच्छृंखलपनाको आफ्ना कविताहरूमा गन्धसम्म पनि आउन नदिनु ।

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तिको आडमा बसेर आफ्नू उच्छृंखल प्रवृत्ति र अतृप्तकामेच्छाको नांगोरूपलाई उत्तेजकरूपमा व्यक्त गर्न दुस्साहस गर्ने भक्तिवादी कविहरूलाई अवश्य पनि शाहज्यूको यो पवित्र र स्वच्छ परम्परा अनुकरणीय बन्न जाने छ। किनभने पवित्र भक्तिवादी परम्परामा नचांहिदो र उच्छृंखल शृंगारी प्रवृत्तिले प्रोत्साहन पाउनु सारै नराम्रो तथा दुःखद परम्परा हो। अतीतमा जे भएता पनि भविष्य यसबाट अवश्य सुरक्षित रहने छ र शाहज्यूका भक्तिवादी कविताहरू यस परम्पराका प्रथम कविताहरू मानिने छन्।

सर्वात्मना भगवान् प्रतिको जुन भक्तिभाव कविका यी भक्तिवादी कविताहरूमा पाइन्छ, त्यसलाई कहीं कहीं भने मीराको भक्तिभाव संग पनि तुलना गर्न सकिन्छ। वास्तविक जीवनमा मीरा र कविको जीवन दर्शन तथा परिवेश र अरू कुरामा पनि अतिशय अन्तर पर्छ ता पनि भगवद्‌भक्ति र तद्‌गत अनुभूतिको निश्छल प्रकाशनको वखतमा भने यी दुवैमा एकै किसिमको भावना अभिव्यक्त भएको कतै कतै पाइन्छ। 'उसैको लागि'मा संकलित भएको एक कवितामा कविज्यू भगवान्‌लाई सर्वात्मना आफ्नू शरण्य भनेर प्रार्थना गर्नु हुन्छ र तिमी बाहेक अर्को कोही मेरो सहारा छैन भनेर एकात्मना यसरी स्वीकार गर्नु हुन्छः—

"भगवान् ? मेरो तेरो सिवा छैन सहारा,
आधार मेरो तेरो सिवा छैन पराया।"

अनि मीरा पनि एक ठाउंमा यसै भनेर भगवान्‌को शरणमा पर्दछिन्:—

CC-0. In Public Domain. Digitization by eGangotri

हरि मोरे जीवन प्राण आधार
और आसरो नाही तुम विन……
आप विना मोहि कछु न सुहावे…

फेरि अर्को ठाउंमा गएर श्री एम्. बी. वी. शाह मीरा भन्दा पनि वढी पीपासु भएर भगवान्‌लाई खोज्नु हुन्छ । सगुण भनौं या निर्गुण नै भनौं, साकार भनौं या निराकार भनौं, मूर्त भनौं या अमूर्त भनौं, जुनसुकै रूपमा भए पनि त भक्तले भगवान्‌लाई खोज्नु स्वाभाविकै हो । यसैले भक्तको रूपमा उभिएर कवि यसरी भगवान्‌को दर्शन गर्न विविध स्थानमा खोज्न चाहनु हुन्छ र अनि उसै अमूर्त परम पुरूषसँग प्रश्न गर्नु हुन्छः–

"नाथ विना अर्को यहां खोजूं हरे कहां ?
पाइन दर्शन तिम्रो अझै भन्दै जाँऊ कहां ?
हात जोडी विन्ति गर्छु खाजूं भनन कहां ?
…जपमा या तपमा मूर्तिमा या देहमा
पुरूष या नारीमा भनन छौ कहां ?"

कति निर्वोध र बाल सुलभ प्रश्न छ भगवान् संग एउटा भक्तको । कति चाहना छ दर्शनको र उसलाई पाउनाको । यसैले कतै कतै मीराको भगवान् प्रतिको विह्वलता तथा सर्वतोभावेन उस प्रतिको आत्म समर्पणता, अनि कतै कतै अतिशय दार्शनिक जिज्ञासा समेतलाई

CC-0. In Public Domain. Digitization by eGangotri

तुलना गरेर हेर्दा श्री एम्. वी. वी. शाहका भक्तिवादी कविताहरू सर्वोत्तम नै हुन आउछन् ।

कवि श्री एम्. वी. बी. शाहका भक्तिवादी कवितोहरूमा प्रशस्त रूपमा उपनिषदीय दर्शनको प्रभाव परेको पाइन्छ । आत्मा र परमात्माको बीचमा अभेद सम्बन्ध देखाई निर्गुणात्मक ब्रम्हलाई सगुणात्मक रूपमा उपासना गरेको पाइन्छ । यहाँ महावाक्य 'तत्त्वमसि' को स्पष्ट झल्को पाइन्छः–

"म हूं तिमी, तिमी मै हूं
न जानूं भन्न तं र म
न जाने के कसूर पाई धपायौ सर्वशक्तिमान् ।"

यो एक किसिमको सर्व शक्मिान् संगको कविज्यूको गुनासो छ । मायाच्छन्न आत्मा र निरञ्जन निराकार परमात्मा संगको अभेद सम्वन्ध देखाई कतै कतै कविज्यू अद्वैतवादी वन्नु भएको छ । जस्तै उपनिषद्का यी 'एकमेवाद्वितियम्' 'आत्मैवेदं सर्वम्' 'अहं ब्रम्हास्मि' 'सर्व खलु इदं ब्रम्ह' अनि 'वाचारंभणं विकारो नाम धेयं' त्यस पछि 'यत्र हि द्वैतमिव भवति······तदितरं, इतरं पश्यति' भन्ने अद्वैतवादी महान् भावनाको उहांमा प्रभाव परेको स्पष्ट देखिन्छ । भगवान् प्रतिको अभीप्सा तथा विव्हलता पनि कविका भक्तिवादी कविताहरूमा प्रशस्त पाइन्छ । यसै किसिमको संचेतना तथा अद्वैतवादी भावनाले आप्लावित भएका भक्तिवादी कविताहरू हामी एमिली ब्रोण्टीका पनि पाउछौं । उनी आफ्नै परंपराकी एक विशिष्ट प्रकारकी 'स्व' भन्दा माथि उठेर स्थितप्रज्ञ

CC-0. In Public Domain. Digitization by eGangotri

भईसकेकी कवयित्री हुन् । उनका भक्तिवादी कविताहरू सीमित घेरावाट उठेर असीमिततामा प्रवेश गर्दछन् । उनी सारा चराचरमा उनै एक ईश्वरको मात्र अस्तित्व देख्तछिन् । उनका कविताहरूमा प्रायशः विश्वव्यापी अमूर्त सत्ताको अचिन्त्य रूप विधान गरिएको हुन्छ । यसै गरी हाम्रा कवि श्री एम्. वी. वी. शाहका कविताहरूमा पनि ईश्वरीय सत्तालाई व्यापक रूपमा विराट रूप विधान गरिएको पाइन्छ। फरक के छ भने एमिली ब्रोण्टी मुक्तावस्थामा पुगिसकेकी छन् र उनमा आत्म-ज्ञानका असंख्य किरणहरू प्रकट भइसकेका छन् । उनी तार्किक बुद्धिवाट माथि उठी सकेकी देखिन्छन् । तर कवि एम्. बी. वी. शाह भने साधनावस्थामा नै हुनु हुन्छ र विश्व चराचरलाई समान दृष्टिले हेर्न सक्ने शक्ति आर्जन गर्न चाहनु हुन्छ । अनि यसको अनुरूप नै उहां सागर, पर्वत, शीत, उष्णतेज, ब्राम्हण, च्यामे, पक्षी, पशु हावा, झर्ना, पहरो, पत्थर, वन, पृथ्वी, आकाश, मेघ, तारा, चन्द्रमा, सूर्य, गरीव, पापी, दुष्ट, चोर, धनी, बालक, तरूण यी सबैमा, अज्ञ रोगी अवस्थामा, नीद र सपनामा समेत सम्पूर्ण चर, अचर, स्थावर र जंगम समेतमा अभेद रूपले सर्वव्यापी ईश्वरको मूर्ति हेर्न चाहनु हुन्छ । यसरी सर्वत्र भगवान्को मूर्ति देख्न सक्नु वा देख्ने चाहना हुनु पनि एक भगवद् भक्तको महान् लक्षण हो । श्री एम्. बी. वी. शाहले आफ्नू एक भक्ति-वादी कवितामा यही कुरा व्यक्त गर्नु भएको छ । जुन कवितालाई यहां मैले अक्षरशः उतार्ने काम गरेको छु। पाठकहरूलाई यसबाट उहांको विचार सुस्पष्टतया बुझ्न सुगम नै हुनेछ । जो यसः प्रकार छः—

CC-0. In Public Domain. Digitization by eGangotri

"आँखाको नानी बनेर यस्तो शक्ति देऊ हरि,
देख्न सक्ने अभेद सबमा तिम्रै मूर्ति हे हरि ।
अगाध सागर, महान् पर्वत
शीत, उष्ण अनि तेजमा
ब्राम्हण, च्यामे, उडने पंछीमा,
हिंडने पशु जति हुन्–सबमा ।।
वहने हावा, झर्ने झर्ना,
पहरा, पत्थर अघोर वनमा,
पृथ्वी, आकाश, मेघ, तारा,
पानीको हर बूंदमा ।।
चेतमा, जड वस्तुमा
अनि चन्द्रमा, पनि सूर्यमा,
सुखमा, अनि दुःखमा,
पनि रोगमा, नीद–स्वप्नमा ।।
गरीब, पापी, दुष्ट, चोरमा,
वडा प्रतापी वनी सबैमा,
शिशुमा पनि, तरुणमा,
वृद्धमा, अनि, अन्त्यमा ।।"

यहां उल्लेख गरिएको यस श्लोकलाई सरसरति हेर्दा तथा मनन गर्दा गीताको बहुचर्चित त्यो श्लोक संग यस भावनालाई तुलना गर्न हामी पुग्दछौं । जो संग यसको भाव साम्यता छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याविनयसम्पन्ने ब्राम्हणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः सम दर्शिनः ।।

यसरी सम्पूर्ण चराचरमा अभेद दृष्टि राख्ने कविज्यूको यो भक्तिवादी कविता मानवतावादले उत्प्रेरित र ओतप्रोत भएको पाइन्छ । यो प्राणी मात्रमा समता राख्ने पुनीत भावना केवल भक्तिवाद र धार्मिक आस्थामा मात्र सीमित नरही यसले वस्तुतः विश्वशान्ति र विश्व भ्रातृत्वको विश्वजनीन भावनासंग सम्बन्ध राख्तछ । धार्मिक तथा निष्काम भक्ति भावनाद्वारा निस्केका यस प्रकारका पवित्र भावनाहरू नै आजको विषम संसारका जीवन्त त्राता बन्न सक्तछन् । अतः यी भक्ति-वादी कविताहरूले केवल आफूलाई व्यक्तिवादी वा धार्मिक सीमा भित्र मात्र सीमित नराखी मानिसलाई मानवका आंखाले हेर्न सिकाउने र प्राणी मात्रको दुखलाई सहानुभूतिपूर्वक बुझिदिन प्रेरणा दिने काम पनि गर्न सक्तछन् । किन भने यी कविताहरूमा कविले आफूलाई स्वार्थ, घृणा, लोलुपता आदिबाट माथि राखी, निर्गुण वा सगुण रूपको सीमा रेखा-लाई पार गरी अनासक्त बनी, निरीह बालखको जस्तो निर्मल तथा शुद्ध भावनाले विश्वात्मक तथा विश्वजनीन प्राणी मात्रको अन्तर्हृदय वासी भगवान्लाई अनासक्तत भई प्रार्थना गर्नु भएको छ । भगवान् पनि आफ्नै भावना अनुसारका हुन्छन् र प्रार्थना पनि त्यस्तै किसिमले मानिस गर्दछ । फल पनि तदनुरूप मानिसले माग्दछ । यो सम्प्रदाय, परम्परा, दृष्टिकोण र मानिसको अन्तश्चेतानाको स्तर अनुरूप हुने कुरो हो । यो भावना भक्तिवादी साहित्यको परम्परामा अति प्राचीन समय

CC-0. In Public Domain. Digitization by eGangotri

देखिनै अविच्छन्न रूपले आइरहेकै छ र अहिले सम्म पनि शक्तिको कामना, शत्रु विनाश, विजय, पराजय इत्यादि कुराहरूलाई लिएर विभिन्न प्रकारका कामनाले युक्त भएका कविता वा स्तोत्रहरू भक्ति-वादी साहित्यको परम्परामा हामी पाउंछौं । यस प्रकारका कविताहरू एक प्रकारले व्यक्तिपरक, स्वार्थमूलक र साच्चै भन्ने हो भने कहिले कही अ-मानवतावादी पनि हुन सक्तछन् । यस पृष्ठभूमिमा राखेर शाहज्यूका यी भक्तिवादी कविताहरूलाई हेर्ने हो भने स्तर, विचार र भावनाको विश-दताबाट हामी सारै माथि र उत्कृष्ट पाउंछौं । शाहज्यूका यी कविता-हरूमा हामी जे जति पाउंछौ, सारांशत सबैमा मानवतावादी भावना र विश्वशान्तिका पवित्र उद्देश्यहरू पाउंछौ । उहांका यी कविताहरूमा कुनै प्रकारको व्यक्तिवादी लौकिक एषणा र स्वार्थपरक तुच्छ कामनाको लेश सम्म पनि पाइदैन । जे जति भावना छ, सारांशतः शुद्ध, निःस्वार्थ र मानबतावादी भावना नै यत्रतत्र मुखरित भएको पाइन्छ । उदा-हरणको लागि म यहां "इच्छा" नामक कबिताको एक पाउलाई उद्धरण गर्दछु:-

"प्रीति गरेर सबमा छोडूं नाम निशाना
पाप पुण्य दुइ साथ छ जाने,
बांकी प्राण पनि छोडेर जाने,
रहँदो रहेन छ केही आखिर
छोडूँ नाम निशाना"

मैले माथि भन्न खोजे जस्तो सगुण र निर्गुण ईश्वरको बारेमा

CC-0. In Public Domain. Digitization by eGangotri

कवि एम्. वी. वी. शाहको भावना शुद्ध र अभेद पाइन्छ । समय, युग र परिस्थिति अनुसार सगुण र निर्गुण भक्तिमा पार्थक्य भएको पाइन्छ । अनि सगुणवादी भक्ति परम्पराका सन्दर्भमा भने दुष्टको विनाश गर्न र धर्मको रक्षा गर्न भगवान्ले अवतार लिने गीताको:-

"यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदाऽऽत्मानं सृजाम्यहम् ।।
परित्राणाय साधूनां विनाशाय च, दुष्कृताम् ।
धर्म संस्थापनार्थाय सम्भवामि युगे युगे ।।"

भन्ने भावना संग कविको सहमति भएको पाइन्छ । "वन्दना" नामक कवितामा कविज्यूले यो कुरा प्रष्ट गर्नु भएको छ:-

"पालक तिमी हौ भक्तहरूको
संहारक पनि दुष्टहरूको ।

× × ×

धनुषधर तिमी राम त्रेताको
नटखट चंचल द्वापरको ।

× × ×

मित्र तिमी हौ गरीब द्विजको
शत्रु पनि तिमी कंश राजको ।'

CC-0. In Public Domain. Digitization by eGangotri

अनि कविज्यू यस सगुण रूपलाई अन्तमा लगेर सर्वव्यापी निर्गुण, निराकारमा लगेर पर्यवसान गर्नु हुन्छ ।

"व्यापक छौ तिमी निराकारको ।"

सगुणलाई निर्गुणमा लगेर पर्यवसान गर्नु वा सगुण र निर्गुणमा केही पार्थक्यता नगर्नु महान् भक्तहरूको विशेषता हो भनेर श्री मद्-भागवतमा उल्लेख गरिएको छ । यसै सन्दर्भमा सगुण र निर्गुणमा यसरी एक रूपता देखाइएको छः—

"वदन्ति तत्तत्वविदस्तत्वं यो ऽ ज्ञान मद्वयम् ।
ब्रम्हेति परमात्मेति भगवानिति शब्द्यते ।।"

× × ×

"न चान्तर्न वर्हियस्य न पूर्वं नापि चापरम्,
पूर्वापरं वहिश्चान्तर्जगतो यो जगच्चयः ।"

भनेर ईश्वरीय सत्तालाई सर्वान्तर्व्यापी रूपमा वर्णन गरिएको छ । कवि श्री एम्. वी. वी. शाहका भक्तिवादी कविताहरू संप्रदायका संकुचित घेराभित्र सीमित हुन पुगेका छैनन् । वरू, भक्तिवादी परम्परामा पाइने द्वैतात्मक सगुणवादी भावना र अद्वैतवादी परम्परामा पाइने निरञ्जन तथा निर्गुणात्मक भावना यहां आएर प्रकारान्तरेण एकाकार भएको छ । साकार र निराकारको वीचमा रहेको पार्थक्यता एक क्षणको निमित्त भए पनि हराए जस्तो लाग्छ । अनि कविका भक्तिवादी कविताहरूमा वाद र संप्रदायको कुनै पूर्वाग्रह वा असहिष्णुता पाइदैन । यही

CC-0. In Public Domain. Digitization by eGangotri

नै सारांशतः कविको भक्तिवादी परम्परामा समन्वयवादी दृष्टिकोण पनि हो । हाम्रो हिन्दूधर्ममा पाइने उदार तथा विश्वजनीन भावना यसै समन्वयवादी सिद्धान्तमा आधारित छ ।

यसरी मैले कवि श्री एम्. बी. बी. शाहका ईश्वरभक्ति सम्बन्धी कविताहरूलाई संक्षेपमा अध्ययन गर्ने कोशिश गरें । ईश्वर तथा भक्ति, यी दुवै भावात्मक कुराहरू हुन् । यस्तो जटिल तथा सूक्ष्म कुरालाई भाषाको माध्यमद्वारा अभिव्यक्त गर्नु र अझ त्यसलाई संप्रेषणीय बनाउनु ज्यादै कठिन विषय हो । तर कविमा पाइने अभिव्यक्तिको सारल्यता, भावनाको तीव्रता र विशदता समेतले गर्दा यो कुरा संभव हुन आएको छ । कविको विशेषता पनि खास यसै संप्रेषणीयतामा गएर रहेको हुन्छ, जुन कुरो हामी यहां पाउंछौ ।

—:o:—

1734

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्रेस
जुद्ध सडक काठमाण्डौं